मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## लक्ष्मिनियामा घरेलु मदिरा फालेर मोटरसाइकल चालक फरार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको लक्ष्मिनिया गाउँपालिका–३ स्थित भित्री सडक खण्डबाट प्रहरीले ५०

*बाँकी पृष्ठ २ मा*

वर्ष ४ · अंक २०३ · २०८३ साल जेष्ठ २८ गते बिहीबार · Thursday 11, June 2026 · सूर्योदय: बिहान ०५:१० बजे · सूर्यास्त: साँझ ०६:५८ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# वित्तीय सन्तुलन कायम गर्न विभिन्न मन्त्रालय तथा निकायको खर्च कटौती




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले वित्तीय सन्तुलन कायम राख्न विभिन्न मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा केन्द्रअन्तर्गतका बजेट शीर्षकमा खर्च कटौती तथा रोक्का गर्ने निर्णय गरेको छ।

अर्थ मन्त्रालयले जारी गरेको सूचनाअनुसार मसलन्द तथा कार्यालय सामग्री शीर्षकमा विनियोजित रकममध्ये खर्च हुन बाँकी रकमको ३० प्रतिशत कटौती गरी रोक्का राखिने भएको छ । त्यसैगरी सवारी साधन मर्मत खर्च, मेशिनरी तथा औजार मर्मत–सम्भार तथा सञ्चालन खर्च, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्चलगायत विभिन्न शीर्षकमा बाँकी रहेको बजेटको ५० प्रतिशत खर्च कटौती तथा रोक्का गर्ने निर्णय गरिएको छ । कटौती गरिएका शीर्षकमा कार्यक्रम सञ्चालन खर्च, भ्रमण खर्च, सवारी साधन तथा मेशिनरी औजार भाडा, सरसफाइ संरचना निर्माण, भवनको संरचनात्मक सुधार, वन तथा वातावरण संरक्षणलगायतका कार्यक्रमसमेत समावेश छन् । मन्त्रालयले हालसम्म कार्यादेश नलिएका सबै आयोजना तथा कार्यक्रम, पुस्तक तथा सामग्री खरिदसम्बन्धी कार्यक्रमहरू पूर्ण रूपमा रोक्का गरेको छ। साथै प्रारम्भिक रूपमा १० लाख रुपैयाँ वा सोभन्दा कम बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरू पनि रोक्का गरिएको छ । मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराइले असार महिनामा हतारमा बजेट खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न र वित्तीय अनुशासन कायम राख्न यस्तो निर्णय गरिएको बताएका छन्।

प्रदेश सरकारको यो निर्णयले चालु आर्थिक वर्षको अन्तिम चरणमा हुने अनावश्यक तथा असन्तुलित खर्च नियन्त्रण गर्दै बजेट कार्यान्वयनलाई व्यवस्थित बनाउने अपेक्षा गरिएको छ।

# प्रहरीमाथि आक्रमण प्रकरणमा पूर्वप्रदेश सांसद यादवमाथि अनुसन्धान



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको कविलासी नगरपालिका–१० सलेमपुरमा सवारी दुर्घटनापछि उत्पन्न विवादका क्रममा प्रहरीमाथि आक्रमण भएको घटनामा मधेश प्रदेशका पूर्वप्रदेशसभा सदस्य अशोककुमार यादव जोडिएका छन् । घटनापछि सर्लाही प्रहरीले यादवलाई पक्राउ गर्ने प्रयास गरे पनि उनी हालसम्म सम्पर्कमा आएका छैनन्।

सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र पौडेलका अनुसार यादवविरुद्ध अभद्र व्यवहारसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ । ‘उहाँमाथि अनुसन्धान भइरहेको छ,’ एसपी पौडेलले बताएका छन्।

२०७४ सालमा मधेशी जनअधिकार फोरमबाट प्रदेशसभा सदस्य निर्वाचित भएका यादव हाल नेपाल कम्युनिस्ट पार्टीसँग आबद्ध छन्।

प्रहरीका अनुसार जेठ २५ गते राति करिब ९ बजे यादवको स्वामित्वमा रहेको ज.१ त.२५५० नम्बरको ट्याक्टरले कविलासी नगरपालिका–८ अगर्वामा रोकेर राखिएको ना.६ ख.७६२३ नम्बरको ट्रकलाई ठक्कर दिएको थियो । दुर्घटनापछि भाग्न खोजेको ट्याक्टरलाई प्रहरीले रोकेर दुवै पक्षबीच छलफलमार्फत विवाद समाधान गर्न वा आवश्यक परे प्रहरी कार्यालयमा जान आग्रह गरेको थियो।

त्यसक्रममा ट्याक्टर चालकले अशोककुमार यादवलाई घटनास्थलमा बोलाएका थिए। यादव घटनास्थलमा पुगेपछि उनीसँग आएका व्यक्तिहरूले प्रहरीलाई घेरेर आक्रमण गरेको आरोप छ। प्रहरीका अनुसार उक्त समूहले गालीगलौज गर्दै प्रहरीमाथि हातपात गरेको र त्यसपछि ट्याक्टर घटनास्थलबाट भगाएको थियो।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा यादवका भतिजा कविलासी–१० सलेमपुर निवासी १९ वर्षीय विक्रमकुमार यादव र भारतीय नागरिक तथा उनका भाञ्जा २१ वर्षीय प्रियाङ्शु यादव रहेका छन् । दुवैविरुद्ध अभद्र व्यवहार कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

घटनाका मुख्य आरोपितमध्ये रहेका पूर्वप्रदेश सांसद यादव भने हाल फरार रहेको र उनको खोजी कार्य जारी रहेको सर्लाही प्रहरीले जनाएको छ।

# चन्द्रपुरमा रेल ओभरब्रिज अधुरै स्थानीय सास्तीमा



**मधेशदृष्टि**
**रौतहट।**
चन्द्रपुर नगरपालिका–८ सन्तपुरमा निर्माणाधीन रेल ओभरब्रिज (आरओबी) तोकिएको समयसीमा सकिन लाग्दा पनि सम्पन्न हुन नसक्दा स्थानीयवासी र यात्रुहरूले दैनिक सास्ती खेप्नुपरेको छ । निर्माण कार्यमा भएको निरन्तर ढिलाइले आयोजनाको प्रभावकारिता र कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ।

नेपाल सरकारको रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनाअन्तर्गत निर्माण भइरहेको उक्त ओभरब्रिजको सम्झौता २०७९ असार २३ गते भएको थियो।

आयोजनास्थलमा राखिएको सूचना बोर्डअनुसार २०८३ असार २२ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। करिब ३८ करोड ११ लाख रुपैयाँ लागत अनुमान गरिएको परियोजनाको निर्माण जिम्मा धरानस्थित सूर्य एण्ड सन्स प्रालिले पाएको छ।

मेची–महाकाली विद्युतीय रेलमार्गअन्तर्गत सिमरा खण्डको चेन ४८+९८० मा निर्माणाधीन पुलको मुख्य संरचना निर्माण भए पनि पहुँच मार्ग, साइड संरचना तथा अन्य सहायक पूर्वाधारको काम अझै अधुरै छ । यसका कारण पुल सञ्चालनमा ल्याउने अवस्था बनेको छैन।

निर्माण कार्य लम्बिँदा चन्द्रनिगाहपुर–गौर सडकखण्ड प्रयोग गर्ने यात्रु, सवारी चालक तथा स्थानीय बासिन्दा प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । निर्माणस्थलमा सडक खनेर छाडिएको, निर्माण सामग्री तथा माटो थुपारिएको र वैकल्पिक व्यवस्थापन प्रभावकारी नहुँदा सडक धुलाम्मे तथा हिलाम्मे बनेको स्थानीयको गुनासो छ । पानी नपर्दा धुलोले सास्ती दिने र वर्षा हुँदा हिलोका कारण आवागमन जोखिमपूर्ण बन्ने गरेको छ। मोटरसाइकल चालक र पैदलयात्री सबैभन्दा बढी प्रभावित भएका छन्।

आयोजना ढिलाइ हुनुको कारणबारे सम्बन्धित पक्षबीच मतभेद देखिएको छ । रेल विभागका अधिकारीहरूले निर्माण कम्पनीको ढिलासुस्ती र व्यवस्थापकीय कमजोरीलाई जिम्मेवार ठहर गरेका छन्। तर निर्माण कम्पनीले भने डिजाइनमा भएका समस्या र पटक–पटक गरिएको संशोधनका कारण काम प्रभावित भएको दाबी गर्दै आएको छ।

यद्यपि स्थानीयवासीका लागि दोष कसको हो भन्नेभन्दा पनि आयोजना कहिले पूरा हुन्छ भन्ने विषय बढी महत्वपूर्ण बनेको छ। लामो समयदेखि निर्माण कार्य अधुरै रहँदा अपेक्षित सुविधा पाउन नसकेको भन्दै उनीहरूले छिटो निर्माण सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

निर्धारित समयसीमा समाप्त हुन लाग्दा पनि बाँकी काम सम्पन्न हुने सम्भावना न्यून देखिएकाले आयोजनाको म्याद थपिन सक्ने अनुमान गरिएको छ । रेलमार्ग विस्तारसँगै सडक यातायातलाई सुरक्षित, व्यवस्थित र आधुनिक बनाउने उद्देश्यले सुरु गरिएको परियोजना समयमै सम्पन्न हुन नसक्दा सरोकारवाला निकायहरूको कार्यसम्पादनमाथि समेत प्रश्न उठ्न थालेको छ।

## निर्वाचन परिणाम ‘वैचारिक विजय’का रूपमा व्याख्या:
# राष्ट्रिय मुक्ति पार्टीको आत्मसमीक्षा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले हालै सम्पन्न निर्वाचनको परिणामलाई आत्मसमीक्षाको महत्त्वपूर्ण अवसरका रूपमा लिँदै पराजयका बाबजुद आफूले उठाएका वैचारिक मुद्दाहरू राष्ट्रिय बहसको केन्द्रमा पुगेको निष्कर्ष निकालेको छ।

असार २२ गतेदेखि सुरु भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पार्टीले उठाएका एजेन्डा अन्य राजनीतिक शक्तिहरूले समेत अपनाउन थालेको दाबी गरेको छ । पार्टीका अनुसार आफूहरूले अघि सारेका केही मुद्दा जनभाषामा प्रस्तुत गर्दै प्रधानमन्त्री बालेन शाहले जनकपुरमा व्यक्त गरेको धारणा राजनीतिक रूपमा प्रभावशाली बनेको र त्यसबाट उनले लाभसमेत उठाएको निष्कर्ष बैठकले निकालेको छ।

बैठकले निर्वाचनमा पार्टीले अपेक्षित सफलता हासिल गर्न नसक्नुका पाँच प्रमुख कारण औँल्याएको छ । पहिलो, मतदाताले तत्काल परिवर्तनको सम्भावना (रास्वपा) भित्र देख्नु। दोस्रो, वैचारिक विस्तार भए पनि संगठनात्मक संरचना कमजोर रहनु तथा पार्टीको मौलिक पहिचान पर्याप्त रूपमा स्थापित हुन नसक्नु । संघीय मोर्चामा आबद्ध हुँदा जनतामा आफूहरू पनि परम्परागत राजनीतिक शक्तिसँगै रहेको सन्देश गएको र मोर्चाभित्र चुनावी तालमेलसमेत प्रभावकारी रूपमा हुन नसकेको समीक्षा गरिएको छ।

तेस्रो कारणका रूपमा पार्टीले स्वाभिमान, पहिचान, सुशासन र परिवर्तनको पक्षमा रहेको मत ठूलो मात्रामा एउटै राजनीतिक केन्द्रमा ध्रुवीकृत भएको उल्लेख गरेको छ । चौथो, पार्टीको वैचारिक भाषा र आम जनताको दैनिक भाषाबीच पर्याप्त सम्बन्ध स्थापित गर्न नसकिएको स्वीकार गरिएको छ । पाँचौँ कारणमा जनसंगठन निर्माण र डिजिटल मिडियाको प्रभावकारी प्रयोगमा कमजोरी रहेको निष्कर्ष निकालिएको छ।

बैठकले पार्टी अत्यधिक रूपमा काठमाडौं केन्द्रित भएको र मधेशमा संगठनात्मक पहुँच विस्तार गर्न नसकेको पनि स्वीकार गरेको छ । मधेशी प्रधानमन्त्री हुनुपर्छ भन्ने बहस लामो समयदेखि आफूहरूले उठाउँदै आए पनि त्यसको राजनीतिक लाभ अन्ततः रास्वपाले लिन सफल भएको पार्टीको दाबी छ।

कार्यकारिणी समितिले निर्वाचन परिणामलाई केवल पराजयका रूपमा मात्र व्याख्या गर्नु गलत हुने उल्लेख गर्दै आफ्ना विचार र एजेन्डा राष्ट्रिय राजनीतिक बहसमा स्थापित हुनु नै आंशिक रूपमा वैचारिक विजय भएको निष्कर्ष निकालेको छ।

# खारेजको चेतावनी दिनुपर्ने अवस्थामा सिमराका निजी स्कुलहरु

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिकामा निजी विद्यालयहरूको अनुगमन गर्दा शिक्षा क्षेत्रमा गम्भीर अनियमितता फेला परेको छ । उपमहानगरपालिकाले सार्वजनिक गरेको प्रतिवेदन अनुसार केही विद्यालयले अनुमति बिना माथिल्लो कक्षा सञ्चालन गर्ने, विद्यार्थीलाई अन्य विद्यालयको इएमआईएसमा दर्ता गर्ने तथा सञ्चालन अनुमति नै नलिई पठनपाठन गराउने जस्ता गतिविधि गरेको पाइएको हो।

अनुगमनका क्रममा वडा नं. १७ रामनगरस्थित एडभान्स ई. बोर्डिङ स्कुलले कक्षा ५ सम्म मात्र अनुमति हुँदाहुँदै कक्षा ६ र ८ सञ्चालन गरेको भेटिएको छ। सो विद्यालयका विद्यार्थीलाई भने वडा नं. १८ मनहर्वास्थित मिसन एकेडेमीको इएमआईएसमा दर्ता गरिएको पाइएको छ।

यस्तै, रजघट्टास्थित डुमरवाना पब्लिक ई. बोर्डिङ स्कुलले अनुमति नपाएको कक्षा १० सञ्चालन गरेको देखिएको छ भने ती विद्यार्थीहरूलाई जीतपुरस्थित अम्ब्रेला एकेडेमीमा दर्ता गरिएको अनुगमन टोलीले जनाएको छ । सिमराको न्यु होराइजन बोर्डिङ स्कुलले अनुमति भन्दा माथिका कक्षा सञ्चालन गरिरहेको पाइएको छ भने अमलेखगञ्जस्थित नार्थ एन्जल बोर्डिङ स्कुलले कक्षा ८ देखि १० सम्म पढाइरहेको भेटिएको छ।

त्यस्तै, लिटल एन्जल बोर्डिङ स्कुलले पनि अनुमति बिना कक्षा ६ र ७ सञ्चालन गरेको प्रतिवेदनमा उल्लेख छ। सबैभन्दा गम्भीर रूपमा चकरीस्थित आदर्श किड्स ल्याण्डले सञ्चालन अनुमति नै नलिई बालविकास कक्षा सञ्चालन गरेको पाइएको छ। उपमहानगरपालिकाले यस्ता गतिविधि शिक्षा नियमावली विपरीत भएको ठहर गर्दै सम्बन्धित विद्यालयमाथि कानुनी कारबाहीदेखि सञ्चालन अनुमति खारेजसम्मको चेतावनी दिएको छ । अबदेखि अनुमति प्राप्त कक्षाभन्दा माथि पढाउन, अभिभावकलाई भ्रामक सूचना दिन वा विद्यार्थीलाई एक विद्यालयमा पढाएर अर्को विद्यालयको इएमआईएसमा दर्ता गर्न नपाइने स्पष्ट गरिएको छ।

# भारतको हरियाणाबाट उद्धार गरिएका १६ जना स्वदेश फिर्ता

**मधेशदृष्टि**
**महोत्तरी।**
बर्दिबास नगरपालिका–१४ स्थित एकीकृत नमूना मुसहर बस्तीका १६ जना नेपाली श्रमिकलाई भारतको हरियाणामा बन्धक अवस्थाबाट उद्धार गरी स्वदेश फिर्ता ल्याइएको छ । भारतीय प्रहरी, नयाँ दिल्लीस्थित नेपाली दूतावास, आफन्त इन्डिया फाउन्डेसन तथा इलाका प्रहरी कार्यालय बर्दिबासको समन्वयमा उनीहरूको उद्धार गरिएको हो।



उद्धार गरिएका श्रमिकहरूलाई भिठामोड नाकामार्फत नेपाल ल्याई परिवारजनको जिम्मा लगाइएको छ। आकर्षक तलब र राम्रो रोजगारीको प्रलोभनमा गत चैत १३ गते उनीहरूलाई भारतको हरियाणा राज्यस्थित झज्जर जिल्लाको हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा कामका लागि लगिएको थियो। तर त्यहाँ पुगेपछि उनीहरूले कुटपिट, धम्की, गालीगलौज तथा श्रम शोषण भोग्नुपरेको बताएका छन्। पीडितहरूले आफ्नो दयनीय अवस्थाबारे भिडियो र तस्वीर परिवारजनलाई पठाएपछि घटना सार्वजनिक भएको थियो । त्यसपछि परिवारका सदस्यहरूले इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नयाँ दिल्लीस्थित नेपाली दूतावाससँग उद्धारका लागि पहल गर्न अनुरोध गरेका थिए।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार नेपाली दूतावासले भारतीय प्रहरीसँग समन्वय गरी झज्जरस्थित कुखुरा फार्ममै पुगेर श्रमिकहरूको उद्धार गरेको हो।

स्वदेश फर्किएका श्रमिकहरूले परिवारसँग पुनर्मिलन हुने आशासमेत हराइसकेको अवस्थामा नेपाल सरकारका निकायहरूको सक्रियताले आफूहरू सुरक्षित रूपमा घर फर्किन सफल भएको बताए।

भारतमा भोग्नुपरेका दुःख, पीडा र यातनापूर्ण दिन सम्झँदै उनीहरूले उद्धारमा संलग्न सबै निकायप्रति आभार व्यक्त गरेका छन्।

# न्यूनतम सेवा मापदण्ड कार्यान्वयनबाट स्वास्थ्य सेवाको गुणस्तर सुधार हुन्छः मन्त्री साह

**जनकपुरधाम।**
मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री नागेन्द्रप्रसाद साहले न्यूनतम सेवा मापदण्ड (एमएसएस)को प्रभावकारी कार्यान्वयनबाट स्वास्थ्य संस्थामा प्रदान गरिने सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउने बताएका छन् । स्वास्थ्य निर्देशनालय मधेश प्रदेशद्वारा बुधबार जनकपुरधाममा आयोजित 'न्यूनतम सेवा मापदण्ड (एमएसएस) वार्षिक समीक्षा तथा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्यक्रम'लाई सम्बोधन गर्दै मन्त्री साहले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएकाले त्यसको गुणस्तरीय, सहज र प्रभावकारी प्रवाह सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।



मन्त्री साहले स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्डको पूर्ण कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कनमार्फत सेवाप्रवाहलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। उनले अस्पताल व्यवस्थापन समितिको सक्रियता, स्वास्थ्यकर्मीको जिम्मेवारीबोध तथा सेवाग्राहीमैत्री वातावरण निर्माणले स्वास्थ्य क्षेत्रको सुधारमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे। मन्त्रालयका सचिव डा प्रमोद यादवले स्वास्थ्य संस्थाहरूले मापदण्डअनुसार सेवा प्रवाह गरेमा सेवाग्राहीको विश्वास बढ्नुका साथै स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न समेत सहयोग पुग्ने धारणा राखे । उनले समीक्षा कार्यक्रम केवल अङ्क प्राप्त गर्ने प्रक्रियामा सीमित नभई स्वास्थ्य संस्थाहरूले आफ्ना कमजोरी पहिचान गरी सुधारका लागि ठोस योजना निर्माण गर्ने अवसरका रूपमा लिनुपर्ने बताए।

मन्त्री साहले स्वास्थ्य सेवा प्रवाहमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय, अस्पताल व्यवस्थापन समिति तथा स्वास्थ्यकर्मीबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गरे। कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेले न्यूनतम सेवा मापदण्ड स्वास्थ्य संस्थाको कार्यसम्पादन मूल्याङ्कनको महत्वपूर्ण आधार भएको बताउँदै यसले स्वास्थ्य सेवाको गुणस्तर मापन तथा सुधारका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्ने बताए। उनले समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव र निष्कर्षलाई आगामी कार्ययोजनामा समावेश गरी स्वास्थ्य संस्थाको सेवा प्रभावकारिता बढाइने जानकारी दिए।

त्यसैगरी महाशाखा प्रमुख डा इन्द्रजित रजकले स्वास्थ्य संस्थाहरूबीच स्वस्थ प्रतिस्पर्धा र गुणस्तरीय सेवा प्रवाहको संस्कार विकास गर्न एमएसएस प्रभावकारी माध्यम भएको धारणा राखे । उनले सेवा प्रवाहमा देखिएका कमजोरी सुधार गर्दै संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याँए । कार्यक्रमका एमएसएस फोकल पर्सन सुनिता गुप्ताले वार्षिक समीक्षाको उद्देश्य, उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाबारे विस्तृत प्रस्तुति दिएका थिए। उनका अनुसार प्रदेशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा एमएसएस कार्यान्वयनको अवस्था, प्राप्त अङ्क, सेवा सुधारका प्रयास तथा आवश्यक सुधारका क्षेत्रबारे समीक्षा गरिएको थियो । समीक्षाका क्रममा स्वास्थ्य संस्थाहरूमा देखिएका विभिन्न समस्या तथा चुनौतीहरू औंल्याइएको थियो।

कार्यक्रममा प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा जामुनप्रसाद सिंहले समीक्षा कार्यक्रमले स्वास्थ्य संस्थाहरूलाई आफ्ना कमजोरी पहिचान गरी सुधारका लागि स्पष्ट मार्गचित्र प्रदान गर्ने बताए । उनले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि नियमित मूल्याङ्कन, क्षमता विकास तथा व्यवस्थापन पक्षलाई थप सुदृढ बनाउन आवश्यक रहेको धारणा व्यक्त गरे।

अस्पताल व्यवस्थापन समितिका पदाधिकारी, विभिन्न जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, अस्पताल प्रमुख तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको सो कार्यक्रममा न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको वर्तमान अवस्था, उपलब्धि, चुनौती र सुधारका उपायबारे व्यापक छलफल गरिएको थियो । सहभागीहरूले स्वास्थ्य संस्थाहरूबीच समन्वय, जवाफदेहिता र सेवाको गुणस्तर वृद्धि गर्न एमएसएसलाई अझ प्रभावकारी रूपमा लागू गर्नुपर्नेमा जोड दिएका थिए।

# विविध विषयमा सांसदद्वारा सरकारको ध्यानाकर्षण



**काठमाडौँ।**
प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा सांसदहरूले मानव तस्करी, महिला हिंसा, वैदेशिक रोजगारी तथा धर्मान्तरणलगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्। बैठकमा बोल्दै सांसद ज्ञानु पौडेलले भारतबाट उद्धार गरिएका ४५३ नेपाली नागरिकको विषय उठाउँदै मानव तस्करीको जालोमा नेपाली युवायुवतीहरू फसिरहेको बताइन्। उनले भारतका विभिन्न स्थानबाट ४० जिल्लाका ४५३ नेपालीको सफल उद्धार गरी नेपाल ल्याइएको र हाल घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिइन्।

नेपाली नागरिकलाई विभिन्न प्रलोभनमा पारेर भारत लैजाने, 'नेटवर्किङ' व्यवसायमा संलग्न गराउने तथा शारीरिक र मानसिक यातना दिने कार्य भइरहेको छ, उनले भनिन् । उद्धार कार्य सफलतापूर्वक सम्पन्न गरेकोमा उनले सरकारलाई धन्यवाद दिँदै मानव तस्करीमा संलग्न गिरोहविरुद्ध कडा कारबाही गर्न माग गरिन् । सांसद बलावती शर्माले महिलामाथि हुने हिंसाका घटना बढ्दै गएको भन्दै त्यसको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरकारसँग आग्रह गरिन् । उनले हिंसापीडित महिलाहरू प्रहरीमा उजुरी दिनसमेत डराउने अवस्था रहेको र उजुरी दिएपछि पनि अपेक्षित सुनुवाइ नहुने समस्या विद्यमान रहेको बताइन् । त्यस्तै सांसद आरेन राईले इजरायल केयरगिभरको परीक्षा स्थगित हुँदा हजारौँ परीक्षार्थी अन्योलमा परेको बताए । उनले परीक्षासम्बन्धी अन्योल चाँडै अन्त्य गरी परीक्षार्थीको भविष्यप्रति संवेदनशील हुन सरकारसँग आग्रह गरे।

सांसद खुश्बु ओलीले कसैलाई पनि जबर्जस्ती धर्मान्तरण गराउने कार्य स्वीकार्य नहुने बताइन् । उनले नेपालको संविधान र कानुनले व्यवस्था गरेको धार्मिक स्वतन्त्रताको सम्मान गर्दै बलपूर्वक वा प्रलोभनमा पारेर धर्म परिवर्तन गराउने गतिविधि रोक्न सरकारलाई आवश्यक कदम चाल्न आग्रह गरिन्। रासस

# चैते धानमा 'नेक ब्लास्ट' रोगको संक्रमण



**मधेशदृष्टि**
**वीरगंज।**
चैते धानमा 'नेक ब्लास्ट' रोग सङ्क्रमण देखिएको छ । चितवन, धादिङ, मकवानपुर लगायतका जिल्लामा चैते धान बालीमा रोगको सङ्क्रमण देखिएको हो।

चितवनको पूर्वी क्षेत्रमा लगाइएको चैते धानमा घाँटी मरुवा अर्थात् (नेक ब्लास्ट) रोगको सङ्क्रमण देखिएको र दाना नलाग्ने तथा बाला सुक्ने समस्या आएको कृषि विकास कार्यालय चितवनले जनाएको छ । कार्यालय प्रमुख झलकनाथ कँडेलले राप्ती, खैरहनी, रत्ननगर लगायत पूर्वी चितवनका अधिकांश क्षेत्रमा रोगको सङ्क्रमण देखिएको बताए।

यस वर्ष वैशाखयता लगातार जसो पानी परेपछि रोग फैलिएको हुन सक्ने अनुमान छ। पानी पर्ने, रातमा चिसो र दिउँसोमा तातोका कारण तापक्रममा उतारचढाव हुँदा ढुसीजन्य रोग फैलिन अनुकूल वातावरण बनेको धानबाली विज्ञले बताएका छन्।

# ७ हजारबढि ब्रोइलर कुखुराका चल्ला नष्ट

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको बिन्दबासिनी गाउँपालिका–४ अमरपट्टीस्थित सीमा क्षेत्रबाट भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरिएका ७ हजार ४ सय गोटा प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नष्ट गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्साबाट खटिएको मोबाइल टोलीले विशेष सूचनाको आधारमा करिब ७ लाख ४० हजार रुपैयाँ मूल्य बराबरका ७४ कार्टुनमा राखिएका ब्रोइलर चल्लासहित बिन्दबासिनी गाउँपालिका–४ निवासी अन्दाजी ४२ वर्षीय उमेश मुखियालाई नियन्त्रणमा लिएको जनाएको छ । सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका व्यक्ति तथा बरामद चल्लालाई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको थियो।

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्साका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाका अनुसार पशु स्वास्थ्य तथा क्वारेन्टाइनसम्बन्धी प्रचलित कानुनी व्यवस्थाबमोजिम नेपाल प्रहरी, स्थानीय सञ्चारकर्मी, क्वारेन्टाइन कार्यालयका प्रतिनिधि तथा स्थानीय जनप्रतिनिधिको रोहवरमा ती चल्ला नष्ट गरिएको हो।

सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने अवैध आयात तथा पशुजन्य वस्तुको गैरकानुनी ओसारपसार नियन्त्रणका लागि निगरानी तथा कारबाहीलाई थप प्रभावकारी बनाउँदै लगिएको जनाएको छ।

# लक्ष्मिनियामा घरेलु मदिरा फालेर मोटरसाइकल...

लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार बुधबार साँझ करिब ५ बजे गजरियाबाट बनिनियातर्फ जाँदै गरेको नम्बर नखुलेको मोटरसाइकलमा तीनवटा प्लास्टिकको पोका (बोरा) मा घरेलु मदिरा बोकी ल्याइँदै गरेको अवस्थामा प्रहरी चौकी लक्ष्मिनियाबाट खटिएको गस्ती टोलीले शंका गरी रोक्न खोजेको थियो।

प्रहरी टोलीलाई देख्नासाथ मोटरसाइकल चालकले मदिरा रहेको पोका सडकमा फालेर मोटरसाइकलसहित फरार भएको प्रहरीले जनाएको छ।

त्यसपछि प्रहरीले उक्त पोका खोली जाँच गर्दा करिब ५० लिटर घरेलु मदिरा फेला परेको र नियन्त्रणमा लिई प्रहरी चौकी लक्ष्मिनियामा राखिएको जनाएको छ।

घटना भएको स्थान प्रहरी चौकी लक्ष्मिनियाबाट करिब ४ किलोमिटर उत्तरतर्फ पर्ने क्षेत्र रहेको प्रहरीले जनाएको छ।

# बालअधिकारसम्बन्धी समाचारमा संवेदनशीलता अपनाउन आग्रह

# वीरगंजलाई असार १५ भित्र साक्षर पालिका घोषणा गर्ने तयारी

**हरिशंकर शर्मा**
**वीरगंज।**



वीरगंज महानगरपालिकाका शिक्षा शाखा प्रमुख आनन्द लामिछानेले बालबालिकासम्बन्धी समाचार प्रकाशन तथा प्रसारण गर्दा सञ्चारकर्मीहरूले उच्च संवेदनशीलता अपनाउनुपर्ने बताएका छन्। युवालयद्वारा वीरगंजमा आयोजित 'बाल अधिकार संरक्षणमा सञ्चारकर्मीहरूको भूमिका' विषयक अन्तरक्रियामा बोल्दै उनले बालअधिकार, गोपनीयता र सम्मानको संरक्षणलाई पत्रकारिताको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए। उनले विद्यालय तथा शैक्षिक गतिविधिसँग सम्बन्धित समाचार तयार पार्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय बालअधिकार मापदण्डको पालना अनिवार्य हुनुपर्ने बताए । पछिल्लो समय केही सञ्चारमाध्यमले बालबालिकाको पहिचान खुल्ने गरी सामग्री सार्वजनिक गरिरहेको उल्लेख गर्दै उनले यस्ता कार्यले बालअधिकारको उल्लंघन हुन सक्ने भएकाले सञ्चारकर्मी सचेत हुन आवश्यक रहेको बताए।

सो अवसरमा लामिछानेले वीरगंज महानगरपालिकालाई आगामी असार १५ गतेभित्र साक्षर पालिका घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार महानगरका ३२ वडामध्ये २७ वडा साक्षर वडा घोषणा भइसकेका छन् भने बाँकी पाँच वडामा पनि आवश्यक प्रक्रिया अन्तिम चरणमा छ। उनले १५ देखि ६० वर्ष उमेर समूहका कम्तीमा ९५ प्रतिशत नागरिक साक्षर भए स्थानीय तहलाई साक्षर पालिका घोषणा गर्न सकिने व्यवस्था रहेको उल्लेख गर्दै बाँकी निरक्षर नागरिकलाई साक्षर बनाउन सामुदायिक शिक्षा केन्द्रमार्फत परिचालक परिचालन गरिएको बताए । महानगरका आठ वडामा सञ्चालनमा रहेका सामुदायिक शिक्षा केन्द्रमध्ये बजेट निकासा नहुँदा दुई केन्द्र निष्क्रिय रहे पनि बाँकी छ केन्द्रले साक्षरता अभियानलाई सक्रिय रूपमा अघि बढाइरहेको उनले जानकारी दिए।

शिक्षक अभावले शिक्षा क्षेत्र प्रभावित

लामिछानेले वीरगंज महानगरपालिकामा मात्र २९९ शिक्षकको अभाव रहेको बताउँदै मधेश प्रदेशभर नै शिक्षक अभाव गम्भीर समस्याका रूपमा रहेको उल्लेख गरे । शिक्षा मन्त्रालयले शिक्षक अभावको अवस्था स्वीकार गरे पनि अर्थ मन्त्रालयबाट आवश्यक दरबन्दी स्वीकृत नहुँदा समस्या समाधान हुन नसकेको उनको भनाइ थियो। उनका अनुसार मधेश प्रदेशमा एक शिक्षकले ९० देखि ९९ जना विद्यार्थीलाई अध्यापन गराउनुपर्ने अवस्था रहेको छ भने अन्य प्रदेशमा औसत १८ जना विद्यार्थीमा एक शिक्षकको व्यवस्था छ। यस्तो असमानताले मधेश प्रदेश शिक्षा क्षेत्रमा पछाडि परेको उनको तर्क थियो । उनले शिक्षक अभावका कारण सामुदायिक विद्यालयका विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गर्न कठिनाइ भोगिरहेको बताए । शिक्षक दरबन्दी थप्न महानगरपालिकाले पटक–पटक सम्बन्धित मन्त्रालयसँग पहल गरे पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको उनको गुनासो थियो।

यसैबीच महानगरपालिकाले दीर्घकालीन शैक्षिक सुधारका लागि १० वर्षे शिक्षा योजना ल्याउने तयारी गरेको छ। विभिन्न क्षेत्रका प्रतिनिधि समेटेर गठन गरिएको १७ सदस्यीय कार्यदलले उक्त योजनाको मस्यौदा तयार गरी अन्तिम रूप दिने चरणमा पुगेको उनले जानकारी दिए।

निष्क्रिय बन्दै सामाजिक संस्था, महिला र बालबालिका थप जोखिममा

कार्यक्रममा वीरगंज महानगरपालिका स्वास्थ्य तथा सामाजिक विकास महाशाखाकी अधिकृत तथा बालकल्याण अधिकृत रन्जना पण्डितले महिला तथा बालबालिकाको अधिकारका क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरू पछिल्लो समय प्रभावहीन बन्दै गएको बताइन्।

स्थानीय तहको संरचना लागू भएसँगै बजेट अभावका कारण धेरै संस्थाहरू निष्क्रिय बनेको उल्लेख गर्दै उनले त्यसको प्रत्यक्ष असर महिला तथा बालबालिकाको संरक्षण र अधिकार सुनिश्चिततामा परेको बताइन् । 'अधिकारबाट वञ्चित भएका महिला तथा बालबालिकाको पहिचान गर्नसमेत कठिनाइ भइरहेको छ,' उनले भनिन्।

उनका अनुसार धेरै महिला अझै पनि न्यायका लागि भौतारिन बाध्य छन् भने निःशुल्क कानुनी सहायता, बालमैत्री सूचना प्रवाह र गोपनीयताको संरक्षणजस्ता विषयमा पर्याप्त सुधार हुन सकेको छैन। समाजमा लुकेर रहेका समस्याग्रस्त तथा अधिकारबाट वञ्चित बालबालिकासम्म राज्यको पहुँच पुग्न नसक्नु पनि चुनौतीका रूपमा देखिएको उनले बताइन्।

जन्मदर्ताबाटै वञ्चित छन् अभिभावकविहीन बालबालिका

पर्सागढी नगरपालिकाकी महिला तथा बालबालिका अधिकृत शोभा मल्लिकले अभिभावकविहीन बालबालिकाहरू अझै पनि आधारभूत अधिकारबाट वञ्चित रहेको बताइन् । उनका अनुसार कानुनी व्यवस्था अनुसार अभिभावकविहीन बालबालिकाको जन्मदर्ता गराउन सम्बन्धित स्थानीय तह प्रमुखले सूचकको भूमिका निर्वाह गर्नुपर्ने भएपनि व्यवहारमा त्यसो हुन नसकेको छ।

'जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । तर स्थानीय तहका प्रमुखहरूले सूचक बन्न आनाकानी गर्दा धेरै बालबालिका जन्मदर्ताबाट वञ्चित छन्,' उनले भनिन् । उनले अन्तरजातीय विवाह गरेका दम्पती, विवाहदर्ता वा नागरिकता नभएका अभिभावकका सन्तानसमेत जन्मदर्ता प्राप्त गर्न नसकिरहेको उल्लेख गर्दै समस्या समाधानका लागि स्थानीय तह, सरोकारवाला निकाय र नागरिक समाजबीच समन्वय आवश्यक रहेको बताइन्।

छलफलमा सहभागीहरूले बालअधिकार संरक्षण, बालमैत्री सूचना प्रवाह, गोपनीयताको सम्मान तथा अधिकारबाट वञ्चित बालबालिकाको पहिचान र संरक्षणमा सञ्चारमाध्यम, स्थानीय सरकार र सामाजिक संस्थाहरूबीच प्रभावकारी सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेका थिए।

कार्यक्रममा प्रशिक्षक रामप्रवेश साहले मधेश प्रदेशको शिक्षा क्षेत्रका प्रमुख सूचक, वर्तमान अवस्था, बालअधिकारको कार्यान्वयन तथा बालमैत्री वातावरण निर्माणका विषयमा प्रस्तुति दिएका थिए। उनले बालबालिकाको हित र अधिकार सुनिश्चित गर्न सञ्चारमाध्यम, स्थानीय सरकार, विद्यालय तथा अभिभावकबीच समन्वय आवश्यक रहेको बताए।

कार्यक्रममा युवालयका अभिनाष कार्की, अर्जुन साह, नेपाल पत्रकार महासंघ पर्साका प्रतिनिधि जिल्ला कार्यसमिति सदस्य तिवारी यादव लगायत विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन युवालयका पर्सा प्रतिनिधि राहुल साहले गरेका थिए।

# रास्वपा पर्सा–४ मा मिश्राको प्यानल हावी, शाक्य पक्षलाई धक्का



**मधेशदृष्टि**
**वीरगंज।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा क्षेत्र नं. ४ को नेतृत्व चयनका लागि सम्पन्न निर्वाचनमा जितेन्द्र मिश्राको प्यानलले उल्लेखनीय सफलता हासिल गरेको छ। निर्वाचन परिणामले क्षेत्रीय संगठनमा पुराना तथा सक्रिय कार्यकर्ताप्रति सदस्यहरूको विश्वास कायम रहेको संकेत गरेको विश्लेषण गरिएको छ। निर्वाचनमा क्षेत्रीय संयोजकसहित विभिन्न पदमा मिश्राको समूहले प्रभावशाली उपस्थिति जनाउँदा प्रतिनिधिसभा सदस्य टेकबहादुर शाक्य निकट अधिकांश उम्मेदवार पराजित भएका छन्।

विशेषगरी क्षेत्रीय उपसंयोजक पदको नतिजालाई संगठनभित्र अर्थपूर्ण रूपमा हेरिएको छ । उपसंयोजक पदमा मिश्राको प्यानलबाट उम्मेदवार बनेका प्रद्युम्न प्रसाद गौतम ३९ मत प्राप्त गर्दै विजयी भए । उनका प्रतिस्पर्धी तथा सांसद शाक्य समर्थित कृष्णमोहन प्रसाद यादवले १९ मत प्राप्त गरे। गौतमले २० मतको स्पष्ट अन्तरसहित विजय हासिल गरेका हुन् । यादव जगरनाथपुर गाउँपालिकाको अध्यक्ष पदका दुई पटकका प्रत्याशीसमेत हुन् । २०७४ सालको स्थानीय तह निर्वाचनमा दोस्रो स्थान र २०७९ मा तेस्रो स्थान हासिल गरेका उनले आगामी स्थानीय निर्वाचनमा पुनः अध्यक्ष पदमा दाबी गर्ने तयारी गरिरहेको चर्चा चलिरहेका बेला पार्टीभित्रकै निर्वाचनमा बेहोरेको पराजयलाई राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ।

निर्वाचन परिणामसँगै सांसद शाक्यको संगठनात्मक रणनीतिबारे पनि पार्टीभित्र बहस सुरु भएको छ। केही नेता तथा कार्यकर्ताले लामो समयदेखि पार्टीमा सक्रिय रहेका कार्यकर्तालाई पर्याप्त स्थान नदिई नवप्रवेशी व्यक्तिहरूलाई प्राथमिकता दिइएको आरोप लगाउँदै आएका छन् । क्षेत्रीय नेतृत्व चयनमा शाक्यले समर्थन गरेका अधिकांश उम्मेदवारले सफलता हासिल गर्न नसकेपछि उनको समूहलाई संगठनभित्र महत्वपूर्ण झट्का लागेको टिप्पणी हुन थालेको छ । यस परिणामले क्षेत्र नं. ४ मा शक्ति सन्तुलनको नयाँ चित्र प्रस्तुत गरेको विश्लेषकहरूको भनाइ छ।

पार्टी स्रोतका अनुसार निर्वाचनको नतिजाले रास्वपा पर्साभित्र संगठन विस्तार, नेतृत्वको स्वीकार्यता, पुराना कार्यकर्ताको भूमिका तथा आगामी नेतृत्व निर्माणबारे थप बहसको वातावरण सिर्जना गरेको छ। साथै, क्षेत्रीय तहको यो परिणामले जिल्लाभित्रको आन्तरिक राजनीतिक समीकरणमा समेत नयाँ संकेत दिएको चर्चा पार्टी वृत्तमा भइरहेको छ।

# सातोमाई मन्दिर निर्माण कार्यको शिलान्यास

**मधेशदृष्टि**
**बारा।**

बाराको देवताल गाउँपालिका–३ बड्की आम्वा गाउँमा सातो माई मन्दिर निर्माण कार्यको शिलान्यास सम्पन्न भएको छ । धर्म, संस्कृति तथा आस्थाको प्रतीकका रूपमा निर्माण हुन लागेको उक्त मन्दिरको शिलान्यास देवताल गाउँपालिकाका अध्यक्ष उदयप्रसाद यादवले गरेका हुन् । शिलान्यास कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष रामकिशोरप्रसाद कुशवाहा, वडा सचिव रबेन्द्रकुमार साह, स्थानीय समाजसेवी, बुद्धिजीवी तथा श्रद्धालु भक्तजनहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा वक्ताहरूले सातो माई मन्दिरले स्थानीय धार्मिक तथा सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

मन्दिर निर्माणसँगै क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । स्थानीयवासीले मन्दिर निर्माणलाई धार्मिक आस्था र सांस्कृतिक सम्पदाको संरक्षणसँग जोडिएको महत्वपूर्ण कार्यका रूपमा लिएका छन्। यसले भावी पुस्तालाई आफ्ना मौलिक परम्परा, संस्कृति तथा धार्मिक मूल्यसँग जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ । मन्दिर निर्माण कार्य समुदायको सक्रिय सहभागिता र सहयोगमा अगाडि बढाइने जनाइएको छ।

# एसईई टपरलाई ल्यापटप उपहार, शिक्षकलाई नगद पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज।**



जीएचपी माध्यमिक विद्यालय, वीरगंजले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी तथा योगदानकर्ता शिक्षकहरूलाई सम्मान गरेको छ। विद्यालय परिसरमा आयोजित विशेष समारोहमा ४.० जीपीए प्राप्त गर्ने ६ जना विद्यार्थीलाई ल्यापटप, प्रशंसापत्र तथा खादा ओढाएर सम्मान गरिएको हो । सम्मानित हुने विद्यार्थीहरूमा मेहविश हुमायूँ, प्रथम पटेल, सिद्धान्त गुप्ता, आकृति राय, बुद्धिप्रिया पाण्डेय र अलिना जैसवाल रहेका छन् । विद्यालयले उनीहरूको उत्कृष्ट शैक्षिक उपलब्धिको उच्च मूल्यांकन गर्दै प्रोत्साहनस्वरूप ल्यापटप प्रदान गरेको जनाएको छ।

त्यसैगरी, एसईई परीक्षामा विद्यालयलाई उत्कृष्ट नतिजा दिलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विषयगत शिक्षक तथा शिक्षिकाहरूलाई पनि नगद पुरस्कार, सम्मानपत्र र खादा प्रदान गरी सम्मान गरिएको थियो । विद्यालयकी प्रधानाध्यापक रमीन्द्र कौरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछाने प्रमुख अतिथिका रूपमा सहभागी थिए भने मानव सेवा आश्रमका संस्थापक तथा समाजसेवी देवेश मानव विशिष्ट अतिथि रहेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि लामिछानेले उत्कृष्ट विद्यार्थीहरूको सम्मानमार्फत विद्यालयले शिक्षा क्षेत्रमा अनुकरणीय अभ्यास स्थापित गरेको बताए । उनले यस्ता सम्मान कार्यक्रमले विद्यार्थीहरूमा थप उत्साह, आत्मविश्वास र प्रतिस्पर्धी भावना विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । विशिष्ट अतिथि देवेश मानवले शिक्षा व्यक्तित्व निर्माण र सामाजिक रूपान्तरणको प्रमुख आधार भएको उल्लेख गर्दै सफल विद्यार्थीहरूलाई बधाई ज्ञापन गरे। उनले अनुशासन, निरन्तर परिश्रम र मानवीय मूल्यलाई आत्मसात् गर्दै जीवनमा अघि बढ्न विद्यार्थीहरूलाई सुझाव दिए।

कार्यक्रममा लायन्स क्लब डिस्ट्रिक्ट ३२५ का डिस्ट्रिक्ट गभर्नर रामविहारी पाण्डे, समाजसेवी नुतन पोखरेल सरावगी, लायन्स क्लब सेन्ट्रल सिटीकी क्याबिनेट अफिसर गुडी जोशी, विद्यालयका निर्देशक शिव गुप्ता, सामाजिक अभियन्ता दिलीपराज कार्की, गुरुद्वारा सत्संगका उपाध्यक्ष अजित पाल सिंह, सामाजिक कार्यकर्ता पवनदीप कौर, यात्राडेलीका निर्देशक राम सराफ तथा क्रियाशील युवा पत्रकार मञ्च नेपालका अध्यक्ष आनन्द पटेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

वक्ताहरूले विद्यार्थी र शिक्षक दुवैको योगदानलाई सम्मान गर्ने विद्यालयको संस्कार प्रशंसनीय रहेको बताउँदै यसले शैक्षिक उत्कृष्टताको वातावरण निर्माण गर्न मद्दत पुग्ने धारणा राखे । उनीहरूले यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई थप मेहनत गर्न र उच्च उपलब्धि हासिल गर्न प्रेरणा प्रदान गर्ने बताए । समारोहमा कक्षा १० का विद्यार्थी, अभिभावक, शिक्षक–शिक्षिका तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । विद्यालयका फाउन्डर जगप्रित सिंहको विशेष पहल र व्यवस्थापनमा सम्पन्न कार्यक्रम भव्य, व्यवस्थित तथा प्रेरणादायी बनेको सहभागीहरूले बताएका छन्।

सम्पादकीय

# परीक्षामा मोबाइल जफत र न्यायको खोजी

सिरहाका विभिन्न परीक्षा केन्द्रहरूबाट परीक्षाको मर्यादा कायम राख्न भन्दै जफत गरिएका मोबाइल फोन तथा स्मार्टवाचहरू नष्ट गरिएको घटनाले गम्भीर कानुनी र नैतिक प्रश्नहरू खडा गरेको छ। परीक्षामा चिटिङ रोक्न गरिने कडाइ स्वाभाविक भए पनि विद्यार्थीका निजी सम्पत्तिलाई यसरी नष्ट गरिनुले राज्यको अधिकारको दुरुपयोग भएको महसुस गराएको छ। यो घटनाले शिक्षा प्रणालीमा सुधारको आवश्यकता र विद्यार्थीका अधिकारको संरक्षणमाथि बहस सिर्जना गरेको छ।

यस प्रकरणमा अधिवक्ता अनिलकुमार साहसहित परीक्षार्थी महेशकुमार महासेठ, रमणकुमार यादवलगायतले सर्वोच्च अदालतमा रिट दायर गर्नुले पीडित पक्षले न्यायको खोजी गरेको स्पष्ट हुन्छ। नेपाल सरकार, गृह मन्त्रालय, मधेश प्रदेशको शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड तथा जिल्ला प्रशासन कार्यालय सिरहालाई विपक्षी बनाइएको यस रिटले राज्यका विभिन्न निकायहरूलाई जवाफदेही बनाउन खोजेको छ। सम्पत्ति नष्ट गर्ने अधिकार कसलाई छ र कुन कानुनअन्तर्गत यस्तो कार्य गरियो भन्ने प्रश्नको निरूपण अदालतले गर्नेछ।

परीक्षामा इलेक्ट्रोनिक उपकरणको प्रयोगले अनियमितता बढाउँछ भन्ने तर्कमा दुई मत छैन। तर, जफत गरिएका उपकरणहरूलाई नष्ट गर्नुको सट्टा अन्य विकल्पहरू, जस्तै निश्चित अवधिका लागि नियन्त्रणमा राख्ने वा जरिवानासहित फिर्ता गर्ने जस्ता उपायहरू अपनाउन सकिन्थ्यो। यसरी सार्वजनिक रूपमा सम्पत्ति नष्ट गर्दा विद्यार्थी तथा अभिभावकमा नकारात्मक सन्देश जानुका साथै राज्यप्रति वितृष्णासमेत बढ्न सक्छ। यो कार्यले कानुनी प्रक्रिया र व्यक्तिगत सम्पत्तिको सम्मानको सिद्धान्तलाई चुनौती दिएको छ।

सर्वोच्च अदालतमा दायर भएको रिटले यस विषयमा कानुनी व्याख्या र न्यायको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ। अदालतले परीक्षाको मर्यादा कायम राख्ने राज्यको दायित्व र नागरिकको सम्पत्तिसम्बन्धी मौलिक अधिकारबीच सन्तुलन कायम गर्नुपर्नेछ। भविष्यमा यस्ता घटना दोहोरिन नदिनका लागि स्पष्ट नीति र कार्यविधि निर्माण गर्न अदालतको फैसलाले महत्त्वपूर्ण भूमिका खेल्नेछ। यसले परीक्षा सञ्चालन गर्ने निकायहरूलाई थप जिम्मेवार बनाउन मद्दत पुग्नेछ।

अन्ततः, यो घटना केवल केही मोबाइल र स्मार्टवाच नष्ट गरिएको विषय मात्र नभई, राज्यले आफ्ना नागरिकका सम्पत्ति र अधिकारलाई कसरी हेर्छ भन्ने गम्भीर प्रश्न हो। परीक्षाको पवित्रता कायम राख्नुपर्छ, तर त्यसका लागि अपनाइने विधिहरू पनि कानुनी, नैतिक र मानवीय हुनुपर्छ। सर्वोच्च अदालतको फैसलाले यस विषयमा एउटा नजिर स्थापित गर्नेछ र भविष्यमा यस्ता विवादहरूलाई समाधान गर्न मार्गदर्शन प्रदान गर्नेछ भन्ने आशा गर्न सकिन्छ।

# बहुप्रतिक्षित फुटबलको महासङ्ग्राम विश्वकप



–राजु सिलवाल

चार वर्षको प्रतिक्षापछि फिफा विश्वकप २०२६ फुटबल प्रतियोगिता विगतका विश्वकपहरूभन्दा थप विशेष बन्दै संसारभरका फुटबलप्रेमीहरूको घरसङ्घारमा आइपुगेको छ। व्यापक रूपमा विश्वव्यापी सहभागिता हुने अपेक्षा गरिएको विश्वकपलाई अन्तरराष्ट्रिय पर्वका रूपमा लिने गरिएको छ। विश्वकप फुटबलले एक महिनाभन्दा बढी अवधिभर संसारभरिका फुटबलप्रेमीहरूलाई प्रतिस्पर्धात्मक खेलको माध्यमबाट एकीकृत गर्दै स्वच्छ मनोरञ्जन दिलाउनेछ।

नेपालको समयअनुसार जेठ २९ गते मध्यराति १२ बजेर ४५ मिनेटदेखि शुभारम्भ हुने विश्वकप साउन ४ गते मध्यराति १२ बजेर ४५ मिनेट जाँदा सुरु हुने फाइनल खेलपछि टुङ्गिने खेलतालिका रहेको छ। विज्ञान र प्रविधिको विकाससँगै प्रविधिमैत्रीअनुरुप सञ्चालन गरिने विश्वकप फुटबलले समग्र रूपमा विश्वमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न क्षेत्रको विकासका लागि समेत यथोचित योगदान गर्ने आशा गरिएको छ।

विगतभन्दा फरक

यसपालि पहिलोपटक तीनवटा देश मिलेर संयुक्त रूपमा विश्वकपको आयोजना गर्दैछन्। अमेरिका, क्यानडा र मेक्सिकोले सञ्चालन गर्ने यस प्रतियोगिताको विशेषता भनेको फुटबलप्रेमी दर्शकहरूले धेरै खेल हेर्ने अवसर प्राप्त गर्नु हो। प्रतियोगिताको उद्घाटन खेल जेठ २९ गते मेक्सिको सिटीमा 'ए' समूहमा रहेको विश्वकपको सहआयोजक मेक्सिको तथा दक्षिण अफ्रिकाबीच हुँदैछ। जेठ ३० गते अर्को सहआयोजक क्यानडाले बोस्निया हर्जगोभिनियासँग टोरोन्टोमा तथा सहआयोजक अमेरिकाले पाराग्वेसँग क्यालिफोर्नियामा पहिलो खेल खेल्ने कार्यक्रम छ। यसरी विभिन्न तीन देशमा आयोजना हुने बेग्लाबेग्लै उद्घाटन खेलले विश्वमा रहेका सम्पूर्ण मुलुकहरूलाई नै फुटबलमय बनाउन महत्त्वपूर्ण योगदान गर्नेछ।

विश्वकपका सहभागी मुलुकहरूको सङ्ख्यामा व्यापक मात्रामा वृद्धि गरिनु सन् २०२६ को अर्को उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। विगतका विश्वकपहरूमा ३२ टोलीको मात्र सहभागिता हुने गर्दथ्यो भने अब ४८ मुलुकका टोलीले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउने मौका पाएपछि थप थुप्रै टिम तथा खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाएका छन्। विश्वकपको इतिहासमा खेल सङ्ख्या पनि अत्यधिक मात्रामा वृद्धि गरिएबाट प्रतियोगिताको रौनक अझ बढन पुगेको छ। प्रतियोगिताको सहभागी मुलुकभित्र व्यापक चासो र चिन्ता हुने गरेको विश्वकपको लहरले सम्पूर्ण विश्वलाई प्रभावित गर्नेछ। यो प्रतियोगिता विश्वकै लामो प्रतियोगिताका रूपमा स्थापित हुँदैछ।

यसअघिका विश्वकपमा ६४ वटा खेल हुने गरेकामा अब खेल सङ्ख्या बढेर १०४ खेल हुने भएपछि यसको सकारात्मक असर ती खेल सञ्चालन हुने तीनवटै मुलुकका विभिन्न १६ वटा सहरमा पर्ने देखिएको छ। विभिन्न देशबाट खेल हेर्न ती शहरमा जाने पर्यटकको घुइँचोले समग्र आर्थिक अभिवृद्धिमा प्रभाव पर्न जानेछ। सन् २०२२ को कतारमा भएको विश्वकपमा भन्दा यसपटक ४० वटा बढी खेल हुने भएपछि फुटबलप्रेमीहरूलाई धेरै खेल हेर्न पाउने अवसर जुटेको छ। यसअघि समूहगत खेलका लागि सहभागी टिमहरूलाई आठ समूहमा विभाजन गर्ने गरिएको थियो भने यसपटक समूहको सङ्ख्या बढ्न गई 'ए' देखि 'एल' समूह गरी १२ वटा समूहमा विभाजन गरिएको छ। यसअनुसार प्रत्येक समूहमा चारवटा टोली रहेका छन्। प्रत्येक टोलीले खेल्ने लिग र नकआउट चरणका सम्पूर्ण खेलहरूले व्यापक रूपमा फुटबलको लहर ल्याउनेछ।

सम्भावित प्रतिस्पर्धा

प्रतियोगिताका सहभागी टिमहरूमध्ये गत विश्वकप विजेता अर्जेन्टिना यसपालि पनि उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रदैछ। विपक्षीलाई सन्तुलित रूपमा दबाब दिन यो टिम सफल मानिएको छ। अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीको कुशल नेतृत्व यो टिमको प्रमुख शक्ति रहेको छ। सन् २०१० मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन्। फिफाको विश्व बरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो। स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारङ्गत देखिएको छ। प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदैछ। विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इङ्गल्यान्डको टिम पनि कम देखिएको छैन। यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन्। इङ्गल्यान्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो। यस्तै अनुभवी कप्तान क्रिष्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ। यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित व्यवस्थापन भएको देखिएको छ। विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन। सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ। विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौँपटक उपाधि जित्ने दाउमा रहेको छ। अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दाबेदार मान्न सकिन्छ। तर सन् २०१८ तथा २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ। विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा चर्चित भएको मोरक्कोजस्ता टिमबाट पनि यसपटक अझ उत्कृष्ट नतिजाका लागि प्रयत्न हुने नै छ। यस्तै नेदरल्यान्ड्स, बेल्जियमजस्ता टिमलाई पनि कम आँक्न सकिँदैन।

धेरै पटक जित्नेहरू

फिफा विश्वकप फुटबल हालसम्म सबैभन्दा धेरैपटक ब्राजिलले जितेको छ। ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र सन् २००२ मा गरी पाँचपटक विश्वकप हासिल गरेको थियो। यस्तै जर्मनीले चारपटक उपाधि हात पारिसकेको छ। जर्मनी सन् १९५४, १९७४, १९९० र २०१४ मा विजेता बन्न सफल भएको थियो। उपाधि चारपटक नै जितेको इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा ट्रफी कब्जामा लिएको थियो। तीनपटक जितिसकेको अर्जेन्टिनाले सन् १९७८, १९८६ तथा अघिल्लो विश्वकप २०२२ मा विजेता बनेको थियो। फ्रान्स र उरुग्वेले भने दुईदुईपटक विश्वकप जितेका छन्। फ्रान्सले सन् १९९८ र २०१८ मा तथा उरुग्वेले सन् १९३० तथा १९५० मा उपाधि हात पारेका थिए।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाको पछिल्लो विश्व वरियताक्रममा अर्जेन्टिना सबैभन्दा अग्रपङ्क्तिमा रहेको छ। दोस्रो स्थानमा स्पेन तथा तेस्रो स्थानमा फ्रान्स रहेका छन्। यस्तै इङ्ग्ल्यान्ड चौथो, पोर्चुगल पाँचौँ स्थानमा छन्।

अत्यधिक गोल

फिफा विश्वकपको इतिहासमा सबैभन्दा धेरै गोल गरेको इतिहास जर्मनीका मिरोस्लाभ क्लोसले कायम गरेका छन्। उनले सन् २००२, २००६, २०१० र २०१४ गरी चारवटा विश्वकपमा कुल १६ गोल गरेर कीर्तिमान राखेका थिए। विश्वकपमा धेरै गोल गर्नेहरूको सूचीमा दोस्रो स्थानमा रहेका ब्राजिलका रोनाल्डोले कुल १५ गोल गरेका थिए। तत्कालीन पश्चिम जर्मनीका गेर्ड मुलरले कुल १४ गोल, फ्रान्सका जष्ट फोन्टाइनले कुल १३ गोल गरेका थिए। हालसम्म पाँचवटा विश्वकप खेलिसकेका अर्जेन्टिनाका लिओनेल मेस्सीले कुल १३ गोल गरिसकेका छन्। एउटै प्रतियोगितामा सबैभन्दा धेरै १३ गोल फ्रान्सका जष्ट फोन्टाइनले सन् १९५८ को विश्वकपमा गरेका थिए।

मेस्सीको छैटौँ विश्वकप

अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीले छैटौँपटक फिफा विश्वकपमा भाग लिएर इतिहास रच्दै छन्। सम्भवतः यसपालिको विश्वकप उनको लागि अन्तिम विश्वकप हुनेछ। मेस्सीले सन् २००६ मा जर्मनीमा आयोजित विश्वकपमा १८ वर्षकै उमेरमा डेब्यु गर्ने अवसर प्राप्त गरेका थिए। उनले त्यतिखेर सर्बियाविरुद्ध पहिलो गोल गरेका थिए।

सन् २०१० मा दक्षिण अफ्रिकामा दोस्रोपटक विश्वकप खेलेका मेस्सीले सन् २०१४ मा ब्राजिलमा विश्वकपको फाइनलमा आफ्नो टिमलाई प्रवेश गराउने अवसर पाए पनि जर्मनीसँगको नमीठो हार व्यहोरेका थिए। आफ्नो टिम फाइनलमा पराजित भए पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा मेस्सीले गोल्डेन बुट जित्नु सामान्य सफलता थिएन। सन् २०१८ मा समेत विश्वकप खेलेका मेस्सीले सन् २०२२ मा कतारमा आयोजित विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउन नेतृत्वदायी भूमिका खेलेका थिए। मेस्सीले प्रतियोगितामा सात गोल गर्नुका साथै दोस्रोपटक गोल्डेन बल जितेका थिए।

करोडौँ पुरस्कार

फिफा विश्वकपको अर्को महत्त्वपूर्ण विशेषता भनेको आकर्षक पुरस्कार पनि मानिएको छ। यसमा विजेता बन्ने टिमले करोडौँ रकम पुरस्कार पाउनेछन्। फिफाले विश्वकपका विजेता टिमलाई पुरस्कारबापत पाँच करोड डलर रकम प्रदान गर्नेछ। उपविजेताले तीन करोड तीन लाख डलर पाउनेछ। तेस्रो स्थान प्राप्त गर्ने टिमले दुई करोड ९० लाख डलर तथा चौथो हुने टिमले दुई करोड ७० लाख डलर पुरस्कार प्राप्त गर्नेछ। यसबाहेक खेलाडीहरूलाई सम्बन्धित मुलुकका सरकार तथा विभिन्न संस्थाका तर्फबाट पनि आकर्षक पुरस्कार प्रदान गरिने प्रचलन रहेको छ। फिफा विश्वकप विजेताले प्राप्त गर्ने ट्रफीको मूल्य पनि सामान्य छैन। फिफा विश्वकप ट्रफीको लागत करिब दुई लाख ४२ हजार ७०० डलर भएको अनुमान गरिएको छ। ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ। यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो। उक्त सुनको ट्रफी स्थायी रूपमा फिफाको स्वामित्वमा रहने नियम छ। यस्तो महत्तवपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्व विश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ।

नयाँ परिवर्तन

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरू देख्न पाइने भएको छ। खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ। खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो–इन तथा गोलकिकको लागि पाँच सेकेन्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ। त्यो समयभित्र खेल पुनः सुरु गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ। यसअनुसार खेलाडीले ढिलो गोलकिक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्नेछन्। यसरी रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ। खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ। खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ। कुनै खेलाडी परिवर्तन गर्दा १० सेकेन्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ। यस्तै खेलको बेला घाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेन्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाईएको छ।

गर्मीको चुनौती

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ। प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरु भएको २२औँ तथा ६७औँ मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ। यस्तो विश्राम सबै खेलमा दिइने भएको छ। रङ्गशालाको तापक्रम जस्तोसुकै भए तापनि प्रत्येक खेलमा विश्राम दिइने नियम बनाइएको हो। यस अवधिमा खेलाडीलाई पानी पिउन, आराम गर्न तथा प्रशिक्षकलाई थप रणनीति बनाउन अनुमति दिइने छ। यसअघि तापक्रम ३१ डिग्री सेल्सियस नाघेको अवस्थामा मात्र विश्राम दिइने गरिन्थ्यो।

नेपालको सहभागिता

नेपालले विश्वकप फुटबलमा सहभागिताका लागि लामो समयदेखि प्रयास गर्दै आएको भए तापनि हालसम्म सफलता मिल्न सकेको छैन। नेपालले हालसम्म नौवटा विश्वकप छनोट प्रतिस्पर्धामा भाग लिए तापनि नतिजा सन्तोषजनक हुनसकेको छैन। नेपालमा फुटबलको संस्थागत विकास भएको लामो समय भइसकेको भए तापनि नेपालका लागि विश्वकप फुटबल ज्यादै कठिन प्रतियोगिताका रूपमा रहेको छ। नेपालमा २००७ साल अगाडि नै तत्कालीन राणा शासनकालमा फुटबल सङ्घको स्थापना भइसकेको थियो। नेपालले अन्तराष्ट्रिय फुटबल महासङ्घ फिफाको सदस्यता लिएको पनि ५० वर्ष नाघिसकेको छ।

नेपालले विगत केही वर्षदेखि विश्वकपका लागि छनोट चरणमा खेल्दै आए तापनि त्यसभन्दा अगाडि भने बढ्न सकेको छैन। नेपाल विश्वकप २०२६ को छनोटमा प्रारम्भिक चरणमै रोकिएको थियो। नेपालले फिफाको विश्व वरियताक्रममा लगातार सुधार नगरेसम्म नेपालको फुटबल टिमले विश्वकपका प्रारम्भिक चरणभन्दा अघि बढन कठिनाइ देखिएको छ। विश्वकपमा पुग्न पहिले एसियाली कपमा स्थापित हुनुपर्ने जरुरी देखिएको छ। एसियाकै उज्वेकिस्तान, जोर्डन तथा बहराइनजस्ता मुलुकले एसियाली कपको अनुभवपछि विश्वकपमा सहभागी हुने अवसर पाएका हुन्। नेपालमा सबैभन्दा लोकप्रिय खेल फुटबललाई विश्वकप लक्षित दीर्घकालीन योजनालाई प्राथमिकतापूर्वक अघि बढाउनुपर्ने आवश्यकता टड्कारो महसुस गरिएको छ।

नेपालले पहिलोपटक सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा प्रतिस्पर्धा गरेको थियो। सन् १९८५ को मार्च २ तारिखका दिन काठमाडौँको दशरथ रङ्गशालामा नेपालले गरेको पहिलो प्रतिस्पर्धामा दक्षिण कोरियासँग शून्यका विरुद्ध दुई गोलले पराजय भोगेको थियो। सन् १९९० मा इटलीमा भएको विश्वकपका लागि नेपालले दक्षिण कोरिया, मलेसिया र सिङ्गापुरसँग खेलेका छवटा खेलमा नेपालले कुल २८ गोल खाएर सबै खेलमा पराजित भएको थियो। नेपाल सन् १९९४ को विश्वकपको छनोटबाट बाहिरिएको थियो। सन् १९९८ मा फ्रान्समा भएको विश्वकपको लागि ओमानमा भएको छनोट खेलमा नेपालले पहिलोपटक अङ्क प्राप्त गरेको थियो।

नेपाल तथा मकाउबीच भएको खेलमा दुवै पक्षबाट एक–एक गोल भई खेल बराबरीमा टुङ्गिएकाले नेपालले पहिलो अङ्क पाएको थियो। नेपालको तर्फबाट विश्वकप छनोटमा पहिलो गोल प्रहार गर्ने कीर्तिमान हरि खड्काले राखेका हुन्। सो खेल प्रारम्भ भएको २२औँ मिनेटमा हरि खड्काले उक्त ऐतिहासिक गोल गरेका थिए। सोही छनोटका सिलसिलामा जापानमा मकाउसँगको खेल पनि एक–एक गोल भई बराबरीमा सकिएको थियो। दोस्रोपटक मुलुकका लागि गोल हान्ने खेलाडी दीपक अमात्य थिए। सन् २००२ मा दक्षिण कोरिया तथा जापानमा संयुक्त रूपमा आयोजित विश्वकपको छनोट चरणमा नेपालले पहिलोपटक मकाउलाई दुईवटा खेलमा हराउन सफल भएको थियो। नेपालले मकाउलाई पहिलो खेलमा एक गोलका विरुद्ध चार गोलले हराएको थियो। उक्त खेलमा निराजन रायमाझीले दुई तथा हरि खड्का तथा वसन्त थापाले एक–एक गोल गरेका थिए।

दोस्रो खेलमा पनि नेपालले मकाउलाई एक गोलका विरुद्ध छ गोलले हराएर विजय हासिल गरेको थियो। उक्त खेलमा नेपालीका लागि निराजन रायमाझीले ह्याट्रिक गरेका थिए भने हरि खड्का, बालगोपाल महर्जन तथा दीपक लामाले एक–एक गोल गरेका थिए। नेपालले इराकविरुद्ध खेलेको पहिलो खेलमा निराजन रायमाझीले एक गोल गरेका थिए भने अर्को खेलमा निराजन रायमाझी र हरि खड्काले एक–एक गोल गरेका थिए। सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपको छनोट चरणमा नेपालले टिमोर लिष्टेलाई अनिल गुरुङ र जुमानु राईको गोलको मद्दतले पराजित गरेको थियो। दोस्रो खेलमा टिमोर लिष्टेलाई शून्यका विरुद्ध पाँच गोलले हराउँदै छनोट चरणको दोस्रो चरणमा प्रवेश गर्दा मुलुकका लागि गोल प्रहार गर्ने खेलाडीहरूमा अनिल गुरुङ, जुमानु राई, भोला सिलवाल, जगजित श्रेष्ठ र सुजल श्रेष्ठ थिए। दोस्रो चरणको पहिलो खेलमा नेपाल जोर्डनसँग पहिलो खेलमा शून्यका विरुद्ध नौ गोलको भारी अन्तरले हार्न पुगेको थियो भने दोस्रो खेलमा दुवै टिमबाट एक–एक गोल भई खेल बराबरीमा टुङ्ग्याउन नेपाल सफल भएको थियो। त्यतिखेर महत्तवपूर्ण गोल गर्न सफल खेलाडी भरत खवास थिए।

सन् २०२२ मा कतारमा भएको विश्वकपको छनोट चरणको दोस्रो चरणमा सोझै खेल्ने अवसर पाएको नेपालले चाइनिज ताइपेइलाई दुई खेलमा पराजित गरेको थियो। पहिलो खेलमा अन्जन विष्टले शून्यका विरुद्ध दुई गोल प्रहार गरेका थिए भने दोस्रो खेलमा अन्जन विष्ट र नवयुग श्रेष्ठको गोलको मद्दतले नेपाल शून्यका विरुद्ध दुई गोलले विजयी भएको थियो। सन् २०२६ को फिफा विश्वकपको प्रारम्भिक चरणमा नेपाल र लाओस दुवैतर्फबाट एक–एक गोल भई खेल बराबरीमा टुङ्गिएको थियो। नेपालका लागि उक्त गोल अन्जन विष्टले गरेका थिए। दोस्रो खेलमा मनिष डाँगीको गोलद्धारा नेपाल लाओसलाई शून्यका विरुद्ध एक गोलले हराउन सफल भएको थियो। यसरी नेपाल दोस्रो चरणमा प्रवेश गरेपछि यमनसँग दुई–दुई गोल गरेर बराबर गर्न सफल भएको थियो। ती गोल सञ्जीव विष्ट र जिलेस्पी कार्कीले गरेका थिए। तर यमन र बहराईनसँग भने नेपाल भारी गोलको अन्तरले पराजित भएको थियो।

नेपालले संयुक्त अरब इमिरेटस युएई, बहराइन र यमन कुनै टिमलाई जित्न नसकी प्रतियोगिताबाट बाहिरिएको थियो। नेपाल युएईसँग दुवै गोलमा शून्यका विरुद्ध चार गोलको अन्तरले हारेको थियो। नेपाल बहराइनसंँग पनि दुवै खेलमा शून्यका विरुद्ध पाँच गोलले हार्न पुगेको थियो। त्यतिखेर नेपालले आफ्नो गृहमैदान काठमाडौँको दशरथ रङ्गशालामा खेल्न पाउने एउटा खेलमैदानको स्थिति राम्रो नभएकाले बहराइनमै दुवै खेल खेल्न बाध्य भएको थियो। नेपाललाई यमनले पनि दुवै खेलमा हराएको थियो। नेपाल पहिलो खेलमा शून्यका विरुद्ध तीन गोलले तथा दोस्रो खेलमा शून्यका विरुद्ध चार गोलको अन्तरले पराजय हुनुपरेको थियो।

अन्त्यमा, विश्वकै सबैभन्दा ठूलो प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबल प्रतियोगिताको अवधि हालसम्मकै सबैभन्दा लामो ३९ दिनसम्म सञ्चालन हुँदैछ। यो प्रतियोगिता समग्रमा विगतका प्रतियोगिताहरूभन्दा थप रोचक तथा रोमाञ्चक हुनसक्ने सम्भावना देखिएको छ। फुटबलमा आधिपत्य जमाइरहेका टिमहरूको अग्रता यसपटक पनि जारी रहने आकलन गर्न सकिन्छ तर कम चर्चित टिमलाई नकार्न सकिँदैन। प्रतियोगितामा सहभागी मुलुक धेरै भएकाले अप्रत्याशित नतिजा पनि आउनसक्ने सम्भावना पनि छँदैछ तर समूह चरणमै प्रत्येक टिमले खेल्न पाउने तीन–तीन खेलमै कडा प्रतिस्पर्धा हुने देखिएको छ।

विश्वकपका खेलहरू सुरु भइसकेपछि टिमहरूले प्रारम्भिक खेलहरूमा देखाउने खेलको आधारमा आगामी नतिजाको आकलन गर्न सकिनेछ। समग्रमा फिफा विश्वकप फुटबल सन् २०२६ ले विश्वभर छरिएका नागरिकहरूलाई फुटबलप्रति आकर्षित गर्दै विश्वलाई एक गाउँको रूपमा परिणत गर्न महत्त्वपूर्ण योगदान गर्नेछ। विश्वकपले फरक भूगोल, फरक भाषा तथा संस्कृति भएका मानिसहरूलाई खेलमार्फत जोड्दैछ। ठूलो होस् वा सानो भूभाग भएको राष्ट्र जोसुकै भए पनि एउटै मैदानमा स्वच्छ खेलको भावना राख्दै खेलिने यस प्रतियोगिताको माध्यमबाट शान्तिपूर्ण सहअस्तित्वको सन्देश प्रवाह हुनजाने आशा गरिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# श्रमबजारका चुनौती सामना गर्न नीतिगत लचकतामा जोड

**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका एसोसिएट उपाध्यक्ष प्रवलजङ्ग पाण्डेले श्रमबजारका विद्यमान परिवर्तन र चुनौतीको सामना गर्न व्यावहारिक नीतिगत लचकता, उद्यम उत्पादकत्व वृद्धि र सुदृढ त्रिपक्षीय सहकार्यको आवश्यकतामा जोड दिएका छन् ।

स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को ११४औँ सत्रलाई नेपालको रोजगारदाता परिषद्कोतर्फबाट मङ्गलबार सम्बोधन गर्दै उपाध्यक्ष पाण्डेले नेपाल हाल महत्वपूर्ण आर्थिक सङ्क्रमणको चरणबाट गुज्रिरहेको उल्लेख गरे । विश्वभरका प्रतिनिधिहरू, विशिष्ट व्यक्तित्व तथा सामाजिक साझेदारमाझ आफ्नो मन्तव्य राख्दैँ उनले सरकारले सुशासन, लगानी प्रवद्र्धन तथा पूर्वाधार विकासमा प्रतिबद्धता देखाए पनि आन्तरिक बजारमा सुस्त आर्थिक वृद्धि, सीमित औद्योगिक विकास र बढ्दो व्यावसायिक लागतजस्ता चुनौती कायमै रहेको बताए ।

'नेपालको युवा जनशक्ति रोजगारीका लागि निरन्तर वैदेशिक गन्तव्यतर्फ पलायन भइरहेको छ । यो चिन्ताको विषय हो, उपाध्यक्ष पाण्डेले भने, लगानीमैत्री नीति, सीप विकास र शिक्षालाई श्रम बजारको वास्तविक मागसँग जोडेर स्वदेशमै मर्यादित एवं उत्पादकमूलक रोजगारीका अवसर सिर्जना गर्नुपर्दछ ।'

परिवर्तित विश्वपरिवेश र डिजिटल अर्थतन्त्रको चर्चा गर्दै उपाध्यक्ष पाण्डेले नेपालमा पनि अनलाइन व्यवसाय, राइड–शेयरिङ र डेलिभरी प्लेटफर्मजस्ता डिजिटल सेवामा युवाको संलग्नता तीव्र रूपमा बढिरहेको बताए । यसले उद्यमशीलताका नयाँ अवसर ल्याए पनि श्रम मापदण्ड र सामाजिक सुरक्षाका विषयमा नयाँ बहस सिर्जना गरेको उनको भनाइ थियो ।

नेपालजस्ता विकासशील देशलाई कठोर विश्वव्यापी मापदण्ड थोपर्नुको सट्टा आफ्नो राष्ट्रिय यथार्थ, संस्थागत क्षमता र आर्थिक अवस्थाअनुरूप श्रम सुधार एवं कानुनी व्यवस्था लागू गर्न आवश्यक लचकता दिनुपर्नेमा उपाध्यक्ष पाण्डेको जोड थियो । उनले नेपाली रोजगारदाताका तर्फबाट अघि सारिएका प्रमुख प्राथमिकता र कार्यान्वयन भइरहेका प्रयासको विवरण प्रस्तुत गरे ।

राष्ट्रिय व्यावसायिक सुरक्षा तथा स्वास्थ्य कार्ययोजना लागू भएपश्चात् रोजगारदातामा सुरक्षित र स्वस्थ कार्यस्थल सामाजिक जिम्मेवारी मात्र नभई उत्पादकत्व, दिगोपन तथा व्यावसायिक प्रतिस्पर्धात्मकताका लागि अपरिहार्य तत्व रहेको चेतना बढेको बताए । यसअन्तर्गत चिया र अलैँचीजस्ता क्षेत्रमा विशेष निर्देशिका निर्माण गरी प्रारम्भिक कार्य सुरु भइसकेको उनले जानकारी दिए ।

यसका साथै, महासङ्घले छनोट गरिएका उद्योगमा 'केयर मोडल' को पाइलट प्रोजेक्ट सफलतापूर्वक सुरु गरिसकेको भन्दै उपाध्यक्ष पाण्डेले विशेषगरी महिलाका लागि रोजगारीका अवसर सिर्जना गर्न र कार्यस्थलमा सामाजिक समावेशीकरण तथा सामुदायिक कल्याण बढाउन ठूलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

बाढी, पहिरो र मौसम परिवर्तनका कारण उद्योग, कृषि तथा जीविकोपार्जनमा परेको गम्भीर असरलाई मध्यनजर गर्दै उपाध्यक्ष पाण्डेले कार्यस्थलको भविष्यसम्बन्धी विश्वव्यापी छलफलमा हरित रोजगारी र जलवायु जोखिममा रहेका नेपालजस्ता मुलुकलाई प्राविधिक सहयोग गर्ने विषय समेटिनुपर्नेमा जोड दिए ।

त्यसैगरी, मध्यपूर्वमा जारी भू–राजनीतिक तनावले नेपाल जस्तो विप्रेषण (रेमिट्यान्स), आयात र पर्यटनमा निर्भर अर्थतन्त्रलाई प्रत्यक्ष प्रभाव पारिरहेको अवस्थामा रोजगारीको रक्षा गर्न, व्यवसायको निरन्तरता सुनिश्चित गर्न तथा आपसी संवाद सुदृढ बनाउन रोजगारदाताको भूमिका महत्वपूर्ण हुने उपाध्यक्ष पाण्डेले उल्लेख गरे ।

उनले उद्यमको उत्पादकत्व वृद्धि, कार्यस्थल सहकार्य, सीप विकास र नवप्रवर्तन प्रवद्र्धनका लागि अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सँग दीर्घकालीन प्राविधिक सहयोगको माग गरे ।

महासङ्घ सामाजिक संवाद, सहकार्य र मर्यादित श्रमप्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उपाध्यक्ष पाण्डेले आपसी विश्वास, साझेदारी र सन्तुलित नीतिमार्फत आर्थिक वृद्धि तथा श्रम अधिकारलाई सँगसँगै अगाडि बढाउन सकिने विश्वास व्यक्त गरे ।रासस

# परराष्ट्रमन्त्री खनालद्वारा भारत भ्रमण र नेपाल–भारत सीमाबारे सदनलाई जानकारी

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले प्रतिनिधिसभाको बैठकमा आफ्नो भारत भ्रमण, प्रधानमन्त्री वालेन्द्र शाहको यही जेठ १७ गते संसद्मा दिएको जवाफ र नेपाल–भारत सीमाबारे जानकारी गराएका छन् । परराष्ट्रमन्त्री खनालले यही जेठ २२ देखि २४ गतेसम्म छिमेकी भारतको औपचारिक भ्रमण गरेको र समकक्षी डा एस जयशङ्करसँग दुई पक्षीय संवाद गरेर द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षमा व्यापक तथा उपलब्धिमूलक छलफल भएको बताए ।



दुईपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, 'कनेक्टिभिटी', ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, र खेलकुदलगायत जनस्तरीय सम्बन्ध अभिवृद्धिजस्ता विषयमा ठोस छलफल भएको र दुवैपक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिनुका साथै विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मुद्दामा विचार आदानप्रदान गरिएको मन्त्री खनालले जानकारी दिए ।

वार्ताका क्रममा एनसिएचएलसँगको समझदारीपत्रअन्तर्गत अन्तरदेशीय भुक्तानी पिटुपी लेनदेनको सञ्चालन, भारतको विकास सहयोगमा नेपालमा भूकम्पपछि पुनर्निर्माण गरिएका परियोजनाको हस्तान्तरण र भ्वाइस फष्ट भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधारको सह निर्माणका लागि काठमाडौँ विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङ डिजिटल पब्लिक 'इन्फ्रास्ट्रक्चर' एण्ड आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इन्डिया भाशिनी डिभिजनबीच समझदारीपत्र आदानप्रदान भएको जानकारी गराए ।

भ्रमणका क्रममा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँगसमेत छलफल भएको र बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा दुई देशबीचको रणनीतिक साझेदारीका विभिन्न पक्षमा विचार आदानप्रदान भएको मन्त्री खनालको भनाइ थियो । मन्त्री खनालले भ्रमणका क्रममा इन्डिया फाउन्डेसनको कार्यक्रममा प्रबुद्ध व्यक्तित्वको समूह (इपिजी) लाई सम्बोधन गरेर नेपालको परराष्ट्र नीतिका प्राथमिकताका बारेमा प्रकाश पार्दै सहभागीहरूसँग ऊर्जा, व्यापार, सीमालगायत साझा चासोका विषयमा केन्द्रित रही अन्तक्रिया गरिएको बताए ।

भ्रमणका क्रममा भएका छलफल र उच्चस्तरीय भेटघाटले नेपाल र भारतबीचको कूटनीतिक र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसीहितका क्षेत्रमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार गरेको मैले महसुस गरेको छु, मन्त्री खनालले भने, हाम्रो सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई थप सशक्त ढङ्गले अभिव्यक्त गर्ने अवसर प्राप्त भएको छ ।

व्यापार तथा लगानी विस्तार गर्ने, ऊर्जा सहकार्य सुदृढ गर्ने, पर्यटन प्रवद्र्धन गर्ने तथा 'कनेक्टिभिटी' र जनस्तरको सम्बन्ध अझ सशक्त बनाउने विषयमा ठोस आधार तयार पारेको छ । क्षेत्रीय स्थायित्व, आपूर्ति शृङ्खला सुरक्षा तथा ऊर्जा साझेदारीजस्ता समसामयिक अन्तरराष्ट्रिय मुद्दामासमेत धारणा आदानप्रदान गरिएको छ ।रासस

# नेतृत्व पाएसँगै नवप्रवर्तन मन्त्रालयले थाल्यो काम



**काठमाडौँ ।**
नेतृत्व पाएसँगै नवगठित विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले संस्थागत र नीतिगत काम सुरू गरेको छ । नेपाल सरकारको पछिल्लो कार्यविभाजनबाट साविक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विज्ञान तथा प्रविधि हटाएर नवप्रवर्तन थपेर विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय स्थापना भएको हो । यस मन्त्रालयमा स्वतन्त्र सांसद महावीर पुनले मङ्गलबारदेखि मन्त्रीका रूपमा जिम्मेवारी सम्हालेका छन् ।

मन्त्रालयका सचिवका रूपमा इञ्जिनियरिङ सेवाका प्रमिला बज्राचार्यले पनि केही दिनअघि जिम्मेवारी पाएकी थिइन् । सचिव बज्राचार्यले मन्त्रालयले सिंहदरबारस्थित साविक युवा तथा खेलकुद मन्त्रालयको कार्यालयबाट काम सुरू गरेको जानकारी दिइन् । मन्त्री पुनले नयाँ मन्त्रालयले शून्यबाट काम थाल्नुपर्ने भएकाले पदबहालीपश्चात् मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्ने निर्णय गरेका थिए ।

सचिव बज्राचार्यले मन्त्री पुनले भने झैँ आफूहरूले शून्यबाट सुरु गरेको बताउँदै मन्त्रालयको वेबसाइटको नमुना (टेम्प्लेट) तयार गरेर सूचना प्रविधि विभागलाई दिइसकिएकाले प्रणालीगत कारणले ७२ घण्टापछि अपलोड हुने जानकारी आएको बताइन् । नवप्रवर्तन मन्त्रालयमा हाल दरबन्दी २४ जना कर्मचारीले काम गर्दैछन् भने नयाँ सङ्गठन संरचना बनेपछि संख्या बढ्ने जनाइएको छ । मन्त्री पुन मन्त्रालयमै सरकारी निवास कायम गर्नेगरी आजदेखि सिंहदरबारमा सरेका छन् । रासस

# श्रमबजारका चुनौती सामना गर्न नीतिगत लचकतामा जोड

**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका एसोसिएट उपाध्यक्ष प्रवलजङ्ग पाण्डेले श्रमबजारका विद्यमान परिवर्तन र चुनौतीको सामना गर्न व्यावहारिक नीतिगत लचकता, उद्यम उत्पादकत्व वृद्धि र सुदृढ त्रिपक्षीय सहकार्यको आवश्यकतामा जोड दिएका छन् ।

स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को ११४औँ सत्रलाई नेपालको रोजगारदाता परिषद्कोतर्फबाट मङ्गलबार सम्बोधन गर्दै उपाध्यक्ष पाण्डेले नेपाल हाल महत्वपूर्ण आर्थिक सङ्क्रमणको चरणबाट गुज्रिरहेको उल्लेख गरे । विश्वभरका प्रतिनिधिहरू, विशिष्ट व्यक्तित्व तथा सामाजिक साझेदारमाझ आफ्नो मन्तव्य राख्दैँ उनले सरकारले सुशासन, लगानी प्रवद्र्धन तथा पूर्वाधार विकासमा प्रतिबद्धता देखाए पनि आन्तरिक बजारमा सुस्त आर्थिक वृद्धि, सीमित औद्योगिक विकास र बढ्दो व्यावसायिक लागतजस्ता चुनौती कायमै रहेको बताए ।

'नेपालको युवा जनशक्ति रोजगारीका लागि निरन्तर वैदेशिक गन्तव्यतर्फ पलायन भइरहेको छ । यो चिन्ताको विषय हो, उपाध्यक्ष पाण्डेले भने, लगानीमैत्री नीति, सीप विकास र शिक्षालाई श्रम बजारको वास्तविक मागसँग जोडेर स्वदेशमै मर्यादित एवं उत्पादकमूलक रोजगारीका अवसर सिर्जना गर्नुपर्दछ ।'

परिवर्तित विश्वपरिवेश र डिजिटल अर्थतन्त्रको चर्चा गर्दै उपाध्यक्ष पाण्डेले नेपालमा पनि अनलाइन व्यवसाय, राइड–शेयरिङ र डेलिभरी प्लेटफर्मजस्ता डिजिटल सेवामा युवाको संलग्नता तीव्र रूपमा बढिरहेको बताए । यसले उद्यमशीलताका नयाँ अवसर ल्याए पनि श्रम मापदण्ड र सामाजिक सुरक्षाका विषयमा नयाँ बहस सिर्जना गरेको उनको भनाइ थियो ।

नेपालजस्ता विकासशील देशलाई कठोर विश्वव्यापी मापदण्ड थोपर्नुको सट्टा आफ्नो राष्ट्रिय यथार्थ, संस्थागत क्षमता र आर्थिक अवस्थाअनुरूप श्रम सुधार एवं कानुनी व्यवस्था लागू गर्न आवश्यक लचकता दिनुपर्नेमा उपाध्यक्ष पाण्डेको जोड थियो । उनले नेपाली रोजगारदाताका तर्फबाट अघि सारिएका प्रमुख प्राथमिकता र कार्यान्वयन भइरहेका प्रयासको विवरण प्रस्तुत गरे ।

राष्ट्रिय व्यावसायिक सुरक्षा तथा स्वास्थ्य कार्ययोजना लागू भएपश्चात् रोजगारदातामा सुरक्षित र स्वस्थ कार्यस्थल सामाजिक जिम्मेवारी मात्र नभई उत्पादकत्व, दिगोपन तथा व्यावसायिक प्रतिस्पर्धात्मकताका लागि अपरिहार्य तत्व रहेको चेतना बढेको बताए । यसअन्तर्गत चिया र अलैँचीजस्ता क्षेत्रमा विशेष निर्देशिका निर्माण गरी प्रारम्भिक कार्य सुरु भइसकेको उनले जानकारी दिए ।

यसका साथै, महासङ्घले छनोट गरिएका उद्योगमा 'केयर मोडल' को पाइलट प्रोजेक्ट सफलतापूर्वक सुरु गरिसकेको भन्दै उपाध्यक्ष पाण्डेले विशेषगरी महिलाका लागि रोजगारीका अवसर सिर्जना गर्न र कार्यस्थलमा सामाजिक समावेशीकरण तथा सामुदायिक कल्याण बढाउन ठूलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

बाढी, पहिरो र मौसम परिवर्तनका कारण उद्योग, कृषि तथा जीविकोपार्जनमा परेको गम्भीर असरलाई मध्यनजर गर्दै उपाध्यक्ष पाण्डेले कार्यस्थलको भविष्यसम्बन्धी विश्वव्यापी छलफलमा हरित रोजगारी र जलवायु जोखिममा रहेका नेपालजस्ता मुलुकलाई प्राविधिक सहयोग गर्ने विषय समेटिनुपर्नेमा जोड दिए ।

त्यसैगरी, मध्यपूर्वमा जारी भू–राजनीतिक तनावले नेपाल जस्तो विप्रेषण (रेमिट्यान्स), आयात र पर्यटनमा निर्भर अर्थतन्त्रलाई प्रत्यक्ष प्रभाव पारिरहेको अवस्थामा रोजगारीको रक्षा गर्न, व्यवसायको निरन्तरता सुनिश्चित गर्न तथा आपसी संवाद सुदृढ बनाउन रोजगारदाताको भूमिका महत्वपूर्ण हुने उपाध्यक्ष पाण्डेले उल्लेख गरे ।

उनले उद्यमको उत्पादकत्व वृद्धि, कार्यस्थल सहकार्य, सीप विकास र नवप्रवर्तन प्रवद्र्धनका लागि अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सँग दीर्घकालीन प्राविधिक सहयोगको माग गरे ।

महासङ्घ सामाजिक संवाद, सहकार्य र मर्यादित श्रमप्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उपाध्यक्ष पाण्डेले आपसी विश्वास, साझेदारी र सन्तुलित नीतिमार्फत आर्थिक वृद्धि तथा श्रम अधिकारलाई सँगसँगै अगाडि बढाउन सकिने विश्वास व्यक्त गरे ।रासस



# सबै सरकारी वेबसाइटमा 'एक्सेसिबिलिटी टुल'

**काठमाडौँ ।**
सरकारी निकायका वेबसाइटलाई सबै नागरिकका लागि सहज र समावेशी बनाउन पहुँचमैत्री उपकरणहरू समावेश गरिएका छन् । दृष्टिविहीन, न्यून दृष्टि, रङ्ग पहिचानमा समस्या, पढाइसम्बन्धी कठिनाइ भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका प्रयोगकर्ताले सरकारी वेबसाइटको सामग्री अझ सहज रूपमा प्रयोग गर्नसक्ने गरी सबै सरकारी वेबसाइटमा पहुँचमैत्री उपकरण (एक्सेसिबिलिटी टुल) राखिएको सूचना प्रविधि विभागका सूचना अधिकारी प्रकाश दवाडीले जानकारी दिए ।

सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ३० मा सरकारी एप तथा पोर्टललाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउनसक्ने गरी सरल बनाउने उल्लेख छ । सरकारी वेबसाइट खोलिसकेपछि तलपट्टी मध्यभागमा 'एक्सेसिबिलिटी टुल आइकन' भेटिन्छ । यो सुविधाबाट प्रयोगकर्ताले आफ्नो आवश्यकताअनुसार
वेबसाइटको स्वरूप तथा सामग्री समायोजन गर्न पाउँछन् ।

जस्तै, सजिलैसँग अक्षरको आकार सानो वा ठुलो बनाउने, वेबसाइटमा रहेका अक्षर तथा शब्दहरु र पृष्ठभूमिबिचको भिन्नता बढाएर सामग्री स्पष्ट रूपमा देख्न सहयोग गर्नेजस्ता 'टुल'हरु त्यहाँ राखिएका छन् ।

त्यसैगरी, विभिन्न प्रकारका रङ फिल्टर प्रयोग गर्न सकिने, अक्षर तथा हरफबीचको दूरी समायोजन गर्न सकिने, फन्ट छान्न सक्नेलगायत व्यवस्था गरिएको छ । वेबसाइट चलाउँदा प्रयोगकर्तालाई थप सहज बनाउन 'माउस कर्सर'लाई सानो वा ठूलो बनाउनसक्ने, वेबसाइटका सबै तस्बिर लुकाएर अक्षर मात्र पढ्न मिल्ने बनाउने, चलायमान दृश्य तथा एनिमेसन रोक्न सकिनेलगायत सुविधा राखिएका छन् ।

विभागका अनुसार अन्तर्राष्ट्रिय मापदण्डका रुपमा रहेको 'वेब कन्टेन्ट एक्सेसिबिलिटी गाइडलाइन' (डब्ल्युसिएजी) अनुरुप विकास गरिएका यी वेबसाइट किबोर्डको प्रयोगबाट मात्र सञ्चालन गर्न सकिने छ ।

सरकारी वेबसाइटमा राखिएका 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्थाले किबोर्ड तथा स्क्रिन रिडर प्रयोगकर्तालाई सिधै मुख्य विषयवस्तुमा पुग्न सहयोग पुऱ्याउँछ भने महत्वपूर्ण तस्बिर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा रहेको 'अल्ट टेक्स्ट'ले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न सहज हुन्छ ।

यसैगरी, फाराम भर्ने क्रममा देखिने त्रुटि सन्देश (इरर म्यासेज) र सुझाव सजिलै सुन्न र बुझ्न मिल्ने गरी वेबसाइट तयार पारिएको विभागले जनाएको छ । सर्च तथा सम्पर्क फारामजस्ता 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र सङ्केत राखिएकाले 'स्क्रिन रिडर' प्रयोगकर्तालाई थप सहज हुन्छ । कि–बोर्ड प्रयोगकर्ताले आफू वेबसाइटको कुन स्थानमा छु भन्ने कुरा थाहा पाँउछन् ।

यसअघि गत वैशाखमा विभागले अपाङ्गमैत्री सुविधासहित सञ्चालित सरकारी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली अध्यावधिक गर्नेसम्बन्धी तालिम दिएको थियो । विभिन्न मन्त्रालय तथा विभागका कर्मचारीलाई लक्षित गरी उक्त तालिम सञ्चालन गरिएको थियो ।रासस

# लोककल्याणकारी कार्यक्रम निरन्तरतानै छः अर्थमन्त्री



**काठमाडौं ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेटले विगतदेखि सञ्चालनमा रहेका गरिबमुखी तथा लोककल्याणकारी कार्यक्रमलाई निरन्तरता दिएको बताएका छन् । प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको बैठकमा उठेका प्रश्नको जवाफ दिँदै उनले अघिल्ला सरकारले ल्याएका अधिकांश कार्यक्रमलाई यथावत् राखिएको बताए ।

विगतका कार्यक्रमको कुनै आधार नभएको वा गरिबमुखी नभएको निष्कर्षमा नपुगेसम्म ती कार्यक्रमलाई निरन्तरता दिनु स्वाभाविक भएको उनको भनाइ थियो । त्यस्तै कृषि क्षेत्रबारे बोल्दै अर्थमन्त्री वाग्लेले सरकारले निर्वाहमुखी कृषिबाट व्यवसायिक तथा औद्योगिक कृषितर्फ रूपान्तरण गर्ने लक्ष्यसहित नयाँ कार्यक्रम ल्याएको बताए । उनले मल अनुदानका लागि ३२ अर्ब रुपैयाँ विनियोजन गरिएको जानकारी दिँदै राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई पनि निरन्तरता दिइएको बताए । उनका अनुसार कृषिमा दुई करोड रुपैयाँसम्म लगानी गर्ने परियोजनालाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको छ । विगतमा बीउ, मल तथा कृषि सामग्रीमा दिइने अनुदान वास्तविक किसानसम्म नपुगेको गुनासो आउने गरेको उल्लेख गर्दै उनले अब अनुदानलाई प्रत्यक्ष उत्पादनसँग जोड्ने नीति लिइएको बताए । रासस

# रेग्मी व्यावसायिक मौरीपालनमा



**स्याङ्जा ।**
मानिस सहर केन्द्रित हुँदै गएका बेला चापाकोट नगरपालिका–१० कालीडाँडाका ५६ वर्षका रोमकान्त रेग्मी भने आफ्नै पैतृक थलोमा फर्की व्यावसायिक मौरीपालनमा लागेका छन् । उनी झन्डै १९ वर्ष विदेश बसेका थिए । उनले 'रेग्मी बहुउद्देश्यीय कृषि फर्म' दर्ता गरी मौरीपालन व्यवसाय सुरु गरेका छन् । रेग्मीको फर्ममा १५० घार मौरी पुगेका छन् । रेग्मीले प्रतिगोला ८०० का दरले माहुरी बिक्री गर्छन् । यस वर्ष उनले आठ लाख आम्दानी गरेका छन् । मैले मौरीको गोलामात्रै प्रतिफ्रेम ८०० का दरले बिक्री गर्दै आएको छु, उनले भने,ग्राहकले आफ्नै घार ल्याउनुहुन्छ, मैले उक्त घारमा पाँच फ्रेमका दरले मौरी उपलब्ध गराउँछु । मैले महभन्दा पनि मौरीका कीरा नै बिक्रीलाई प्राथमिकता दिएको छु, उनले भने, एक वर्षमा झण्डै २०० भन्दाबढी घार बिक्री हुने गरेको छ । उनले एक घारमा पाँच फ्रेम मौरी राखेर चार हजारमा बिक्री गर्दै आएका छन् । चापाकोट नगरपालिकाले रेग्मीलाई मौरीपालनका लागि एक लाख अनुदानसमेत उपलब्ध गराएको छ । रासस

# एसिया कपको सपना अधुरैः थाइल्यान्डसँग नेपाल ५६ रनले पराजित




**काठमाडौं ।**
एसियन क्रिकेट काउन्सिल (एसीसी) महिला प्रिमियर कपको क्वार्टरफाइनलमा नेपाल थाइल्यान्डसँग ५६ रनले पराजित भएको छ । यस हारसँगै नेपालको आगामी एसिया कपमा पुग्ने सपना पनि अधुरै बनेको छ । बुधबार मलेसियाको बायोमास ओभलमा भएको खेलमा थाइल्यान्डले दिएको १ सय ३१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ७४ रन मात्र बनाउन सक्यो ।

नेपालका लागि कप्तान रुविना क्षेत्रीले अविजित २० रन बनाइन् । सोनी पाक्रिनले १५ रन जोड्दा सीता रानामगरले अविजित १२ तथा सम्झना खड्काले १२ रनको योगदान दिइन् । तर अन्य ब्याटरले उल्लेखनीय प्रदर्शन गर्न नसक्दा नेपाल लक्ष्यसम्म पुग्न असफल भयो । थाइल्यान्डका बलर थिपाच्चा पुथावाङ, सुनिदा चतुरंगरत्न र सुलेपोर्न लाओमीले समान दुई–दुई विकेट लिए । फनिता मायाले एक विकेट हात पारिन् ।

यसअघि टस जितेर ब्याटिङ रोजेको थाइल्यान्डले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १ सय ३० रन बनाएको थियो । थाइल्यान्डका लागि नन्नापत खोन्चारोएनकाईले उत्कृष्ट ब्याटिङ गर्दै ५१ बलमा ६ चौकाको मद्दतले सर्वाधिक ६२ रन बनाइन् । फनिता मायाले २६ तथा चानिदा सुथिरुआङले १६ रनको योगदान दिए । नेपालका कविता कुँवर, रुविना क्षेत्री र रिया शर्माले समान एक–एक विकेट लिए । समूह 'ए' को विजेताका रूपमा क्वार्टरफाइनल पुगेको थाइल्यान्डले सेमिफाइनल यात्रा तय गर्दा समूह 'डी' को उपविजेता नेपाल भने प्रतियोगिताबाट बाहिरिएको छ । यससँगै नेपालले एसिया कप क्रिकेटमा स्थान बनाउने अवसर पनि गुमाएको छ । रासस

# अचार बनाउने तालिमपछि उद्यमशील बन्दै महिला

**तनहुँ ।**
तनहुँका महिलाहरूका लागि अचार अब केवल खानासँग स्वाद थप्ने परिकारमात्र रहेन, यो आयआर्जन, आत्मनिर्भरता र उद्यमशीलताको नयाँ माध्यम बन्न थालेको छ । वर्षौंदेखि घरघरमा बनाइँदै आएको अचारलाई व्यावसायिक रूपमा विकास गर्न थालेसँगै आयआर्जनको आधार बन्न थालेको हो । यसैबीच महिला उद्यमी सङ्घ नेपाल तनहुँले सञ्चालन गरेको अचार बनाउने तालिमले महिलाहरूमा थप उत्साह थपेको छ । हालै सम्पन्न तालिमपछि धेरै महिलाहरू आफ्नै व्यवसाय सुरु गर्ने योजनासहित भविष्यका सम्भावनाबारे सोच्न थालेका छन् ।



नेपाली समाजमा अचार बनाउने काम नयाँ होइन । घरायसी परम्पराअनुसार पुस्तौंदेखि अचार बनाउने गरिए पनि तालिमपछि सीपलाई व्यावसायिक रूपमा विकास गर्न तालिमले सहयोग पुगेको स्थानीय आरती खनालले बताइन् । अचार बनाउने कामलाई पहिले सामान्य घरायसी जिम्मेवारीका रूपमा लिने गरे पनि तालिमपछि व्यावसायिक रूपमा विकास गर्ने योजना बनाएको उनको भनाइ छ ।

पहिले अचार बनाउनु भनेको घरको कामजस्तो मात्रै लाग्थ्यो, तर अब यसलाई व्यवसायका रूपमा अघि बढाएर आम्दानी गर्न सकिन्छ भन्ने विश्वास बढेको छ ।

सीपलाई सही तरिकाले प्रयोग गर्नसके घरमै बसेर पनि आर्थिक रूपमा आत्मनिर्भर बन्न सकिन्छ भन्ने महसुस भएको छ, खनालले भनिन् ।

आरतीजस्तै अन्य महिलाहरूले पनि परम्परागत सीपलाई व्यवसायमा रूपान्तरण गर्न सकिने सम्भावना देखेका छन् । तालिमले महिलाहरूलाई अचार बनाउने विधिमात्र नभई उत्पादनलाई बजारयोग्य बनाउने विभिन्न पक्षबारे पनि व्यावहारिक ज्ञान प्रदान गरेको छ ।

स्थानीय लीला प्रधान श्रेष्ठका अनुसार तालिमले उत्पादनको गुणस्तर कायम गर्ने, सरसफाइमा ध्यान दिने, आकर्षक प्याकेजिङ गर्ने तथा बजारको मागअनुसार उत्पादनलाई प्रस्तुत गर्ने तरिका सिकाएको छ । 'पहिले सामान्य तरिकाले बनाइने अचारलाई हाल कसरी व्यावसायिक रूपमा तयार गर्ने भन्ने ज्ञान प्राप्त गभएको छ', उनले भनिन्, 'बजारमा प्रतिस्पर्धा गर्न उत्पादनको स्वादमात्र होइन, यसको प्रस्तुति र गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण रहेछ भन्ने बुझ्यौँ ।'

स्थानीय कोपिला थापाले तालिमपछि आफ्नै क्षमतामाथि विश्वास गर्ने आधार बनेको बताइन् । उनले भनिन्, 'घरमा बसेर गरिने कामलाई आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने अनुभूति भएको छ । महिलाहरू आर्थिक रूपमा सक्षम भए परिवार र समाजमा उनीहरूको भूमिका अझ सशक्त बन्न सक्छ ।' स्थानीयस्तरमा उपलब्ध आँप, कागती, मूला, खुर्सानी, लसुन, अदुवा, टिम्मुरलगायत सामग्री प्रयोग गरेर विभिन्न प्रकारका अचार उत्पादन गर्न सकिन्छ ।

यसले स्थानीय कृषि उत्पादनको उपयोग बढाउनुका साथै मूल्य अभिवृद्धि गरेर अतिरिक्त आम्दानीको अवसर पनि सृजना गर्छ ।

उद्यमी सङ्घकी अध्यक्ष निर्मला मल्लले महिलाहरूले प्राप्त सीपलाई व्यवहारमा उतार्दै व्यवसायसँग जोड्नुपर्ने बताइन् ।

घरासयी प्रयोगका लागि बनाइने अचारको व्यावसायिक उत्पादन गरे आम्दानीको स्रोत बन्ने देखिएपछि महिलाहरूलाई तालिम दिइएको उनले जानकारी दिइन् । प्रशिक्षक तुलसी शाहले सहभागीलाई विभिन्न प्रकारका अचार बनाउने विधि, सरसफाइका मापदण्ड, गुणस्तर नियन्त्रण, लेबलिङ तथा प्याकेजिङबारे प्रशिक्षण दिएकी थिइन् । रासस

# पाकिस्तानी हवाई आक्रमणमा १३ सर्वसाधारणको मृत्यु

**काबुल ।**
अफगानिस्तानको तालिबान सरकारले पाकिस्तानले अफगान हवाई क्षेत्र उल्लङ्घन गरी गरेको पछिल्लो हवाई आक्रमणमा कम्तीमा १३ सर्वसाधारणको मृत्यु भएको र १४ जना घाइते भएको जनाएको छ । तालिबानका अनुसार आक्रमणले दुई देशबीचको तनावलाई थप चर्काएको छ र सीमावर्ती क्षेत्रमा असुरक्षाको अवस्था गम्भीर बनेको छ ।



तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले मङ्गलबार राति र बुधबार बिहानको बीचमा पाकिस्तानले कुनार, खोस्त र पक्तिका प्रान्तका बस्तीहरूलाई लक्षित गरी बमबारी गरेको बताउनुभयो । उनका अनुसार उक्त आक्रमणमा ११ बालबालिका, एक महिला र एक वृद्ध पुरुषको मृत्यु भएको छ । मुजाहिदले आक्रमणका क्रममा १४ जना महिला घाइते भएको जानकारी दिँदै घटनापछिका तस्बिरसमेत सार्वजनिक गरे । तालिबानले यसलाई अफगानिस्तानको सार्वभौमसत्तामाथिको प्रत्यक्ष उल्लङ्घन र नागरिकमाथिको आक्रमणका रूपमा व्याख्या गरेको छ ।

अफगान अधिकारीहरूका अनुसार पछिल्लो एक वर्षयता अफगान भूमिमा भएका पाकिस्तानी सैन्य कारबाहीका कारण सयौँ व्यक्तिको ज्यान गइसकेको छ । सीमापार तनाव बढ्दै जाँदा दुवै देशबीचको सम्बन्ध लगातार बिग्रँदै गएको बताइएको छ । मार्च महिनामा भएको एक ठूलो आक्रमणमा पाकिस्तानी सेनाले काबुलस्थित पुनर्वास केन्द्रलाई निशाना बनाएको दाबी गरिएको छ । तालिबानका अनुसार उक्त घटनामा कम्तीमा २६९ जनाको मृत्यु भएको थियो । त्यसयता सीमावर्ती क्षेत्रमा बारम्बार सैन्य कारबाही भइरहेका छन् ।

अक्टोबर २०२५ मा इस्लामाबादले राजधानी काबुलसहित अफगानिस्तानका विभिन्न क्षेत्रमा व्यापक हवाई आक्रमण गरेपछि दुई देशबीचको लामो समयदेखिको तनाव खुला सीमापार द्वन्द्वतर्फ उन्मुख भएको विश्लेषण गरिएको छ । निरन्तर आक्रमण र झडपका कारण दशौँ हजार अफगान नागरिक विस्थापित भएका छन् भने धेरै परिवार घरबार छोड्न बाध्य भएका छन् ।

तालिबानले पाकिस्तानले आफ्ना आन्तरिक सुरक्षा चुनौतीहरूलाई आधार बनाएर अफगान क्षेत्रमा बारम्बार सैन्य हस्तक्षेप गरिरहेको आरोप लगाएको छ । पाकिस्तानले भने तहरीक–ए–तालिबान पाकिस्तान (टिटिपी) र बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) जस्ता समूहलाई अफगान भूमिबाट सहयोग मिलिरहेको दाबी गर्दै आएको छ । इस्लामाबादले तालिबानमाथि ती समूहहरूलाई आश्रय दिएको आरोप दोहो¥याउँदै आएको भए पनि तालिबानले त्यस्ता आरोप अस्वीकार गर्दै आएको छ । तालिबानको भनाइमा पाकिस्तानले आफ्ना सुरक्षा कमजोरीको जिम्मेवारीबाट बच्न अप्रमाणित आरोप लगाउने गरेको छ । विश्लेषकहरूका अनुसार सन् २०२१ मा तालिबान पुनः सत्तामा फर्किएपछि सुरुमा अपेक्षा गरिएको निकट सम्बन्ध टिक्न सकेन । दशकौँसम्म तालिबानको प्रमुख समर्थकमध्ये एक मानिएको पाकिस्तान र अफगानिस्तानबीच अहिले अविश्वास बढ्दै गएको छ । पछिल्ला घटनाक्रमहरूले दुई छिमेकी देशबीचको सम्बन्ध थप जटिल र तनावपूर्ण बन्दै गएको सङ्केत गरेका छन् । रासस

# इरानद्वारा २१ वटाभन्दा बढी सैन्य लक्ष्यमा निशाना

काठमाडौँ ।
इरान र संयुक्त राज्य अमेरिकाबिचको सैन्य तनाव एकाएक चुलिएर गएको छ । स्ट्रेट अफ होर्मुजमा रहेका आफ्ना बन्दरगाह र टापुहरूमा अमेरिकी सेनाले गरेको आक्रमणको बदलास्वरूप इरानको इस्लामिक रिभोलुसनरी गार्ड कप्र (आईआरजीसी) ले बहराइन, कुवेत र जोर्डनमा रहेका अमेरिकी सैन्य आधार शिविरहरूमा जवाफी हमला गरेको हो ।

इरानको राज्य नियन्त्रित सञ्चारमाध्यमले बुधबार सार्वजनिक गरेको आईआरजीसीको विज्ञप्तिअनुसार इरानी सेनाले बहराइनमा तैनाथ अमेरिकी पाँचौँ नौसैनिक फ्लिटका साथै कुवेतको अली अल सालेम सैन्य बेसमा ड्रोन आक्रमण गरेको हो । यसका साथै जोर्डनको अजराकमा रहेको वायुसेनाको अखडालाई लक्षित गरी लामो दुरीको मिसाइल प्रहार गरिएको इरानले जनाएको छ ।

आफ्नो कारबाहीका क्रममा २१ वटा अमेरिकी सैन्य लक्ष्यहरूलाई निशाना बनाएको र त्यसमध्ये चारवटालाई पूर्ण रूपमा ध्वस्त पारेको इरानको दाबी छ । ध्वस्त पारिएका संरचनाहरूमा जोर्डनको सैन्य बेसमा रहेको अमेरिकी आधुनिक 'एफ–३५' लडाकु विमानको ह्याङ्गर समेत समावेश रहेको इरानले उल्लेख गरेको छ । यसैगरी, इरानी सहर जामको आकाशमा उडिरहेको अमेरिकाको अत्याधुनिक 'एमक्यू–९' ड्रोनलाई समेत आफूहरूले सफलतापूर्वक खसालेको आईआरजीसीले दाबी गरेको छ ।

यो भर्खरैको सैन्य टकराव मंगलबार अमेरिकी अपाचे हेलिकप्टर खसालिएको घटनाबाट सुरु भएको हो । सो घटनामा इरानको हात रहेको आरोप लगाउँदै अमेरिकी सेनाले स्ट्रेट अफ होर्मुज क्षेत्रमा पर्ने इरानको क्युशम टापु र तटीय क्षेत्रका बन्दरगाहहरूमा आक्रमण गरेको थियो । अमेरिकी सेनाको सोही आक्रमणको प्रतिक्रियास्वरूप इरानले यो ठुलो कदम चालेको हो । अमेरिकी हमलाका कारण इरानको सिरिक सहरमा रहेको एउटा दूरसञ्चार टावरमा क्षति पुगेको र दुईवटा पानीका ट्याङ्की ध्वस्त भएको इरानी पक्षले बताएको छ ।

आईआरजीसीले आफ्ना सैन्य दस्ताहरू अमेरिकी सेनाको जुनसुकै कदमको 'निर्णायक' जवाफ दिन पूर्ण रूपमा तयार अवस्थामा रहेको चेतावनी दिएको छ । आगामी दिनमा परिस्थिति अझ बिग्रिएमा र तनाव बढेमा त्यसको सम्पूर्ण जिम्मेवारी वासिङ्टनले लिनुपर्ने इरानको भनाइ छ । यस विषयमा अमेरिकाको तर्फबाट भने अहिलेसम्म आधिकारिक रूपमा कुनै प्रतिक्रिया आइसकेको छैन । यसैबिच, जोर्डनको सेनाले इरानको तर्फबाट अजराकतर्फ प्रहार गरिएका पाँचवटा मिसाइलहरूलाई आकाशमै सफलतापूर्वक विफल पारिदिएको दाबी गरेको छ । जोर्डन सैन्य स्रोतका अनुसार यस सैन्य कारबाहीका क्रममा क्षेप्यास्त्रका टुक्राहरू आकाशबाट खसे पनि मानवीय क्षति वा कुनै भौतिक नोक्सानी भने भएको छैन । रासस

# ‘एक घर–एक मिनीटिलर’ अभियानले पौवादुङ्माका किसान उत्साहित



**भोजपुर ।**
भोजपुरको पौवादुङ्मा गाउँपालिकाले अनुदानमा हातेट्र्याक्टर वितरण गरेपछि किसान उत्साहित भएका छन् । गाउँपालिकाले दुई चरणमा गरी कुल तीन सय ४० वटा मिनीटिलर ५० प्रतिशत अनुदानमा वितरण गरेको छ । पौवादुङ्मा गाउँपालिका–३ की किसान लीलामाया सुनारले मिनीटिलर प्राप्त भएपछि खेत जोत्न र अन्य कृषि कार्य गर्न सहज भएको बताए । गाउँपालिकाले प्रोत्साहनस्वरुप हातेट्र्याक्टर दिएपछि न्यून आर्थिक अवस्था भएका किसानलाई प्रत्यक्ष लाभ पुगेको उनको भनाइ छ ।

सुनारले भने,पहिले धेरै मिहिनत र समय लाग्थ्यो । हाल प्रविधिको प्रयोगले काम छिटो र सजिलो भएको छ । गाउँपालिकाले हातेट्र्याक्टर दिएपछि खेतीपातीको काम गर्न सहज छ । गाउँपालिकाले किसानलाई लक्षित गरेर सञ्चालन गरेको कार्यक्रम प्रभावकारी रहेको पौवादुङ्मा–६ का अर्का किसान जीवन सुब्बाले बताए । ‘गाउँपालिकाले किसानलाई लक्षित गरेर सञ्चालन गरेको यो कार्यक्रम प्रभावकारी छ’, उनले भने, ‘किसानको मागका आधारमा कृषियन्त्र दिएसँगै हामी उत्साहित भएका छौँ ।’

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले कृषिमा संलग्न किसानलाई प्रविधिमैत्री बनाउन ‘एक घर, एक मिनीटिलर’ अवधारणाअनुसार कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । दुई चरणमा गरी तीन सय ४० वटा मिनीटिलर वितरण गरेका छौँ । यसले परम्परागत खेती प्रणालीलाई आधुनिकतर्फ लैजान सहयोग गर्नेछ, उनले बताए । गाउँपालिकाले यसअघि कुनै पनि सेवा सुविधा नपाएका किसानलाई प्राथमिकतामा राखेर मिनीटिलर वितरण गरेको जनाएको छ । आवेदन दिएका तर यस चरणमा सामग्री प्राप्त गर्न नसकेका किसानलाई आगामी आर्थिक वर्षमा समेट्ने योजना रहेको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताए । उनका अनुसार मिनीटिलर वितरणसँगै किसानलाई सञ्चालन विधिबारे अभ्याससमेत गराइएको छ । गाउँपालिकाले धेरैको सङ्ख्यामा मिनीटिलर वितरण गरेकाले आगामी दिनमा मर्मतसम्बन्धी तालिमसमेत प्रदान गरिने भट्टराईले जानकारी दिए । गाउँपालिका उपाध्यक्ष जोत्सना राईले गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन लक्ष्यले अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिएको बताए । वितरण गरिएका सामग्रीको सही सदुपयोगका लागि अनुगमनलाई पनि प्रभावकारी बनाइने उनले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष किरण राईले किसानहरूलाई खेती प्रणालीमा लाग्न अभिप्रेरित गर्ने उद्देश्यले गाउँपालिकाले कृषि सामग्री वितरण गरेको बताए । किसानको मुख्य आम्दानीको स्रोत कृषि रहेकाले प्राथमिकताका साथ बजेट विनियोजन गरेर विगतका वर्षदेखि नै प्रोत्साहनका विविध कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । रासस

# भूमिहीन नागरिकको जग्गा व्यवस्थापनका लागि नापनक्सा

**महेन्द्रनगर ।**
महेन्द्रनगरका स्थानीय तहले अव्यवस्थित बसोबासी र भूमिहीन नागरिकको जग्गा व्यवस्थापनका लागि नापनक्सा सुरु गरेका छन् । जिल्लामा नौवटा स्थानीय तह रहेका छन् । अधिकांशले पालिकाले प्राविधिक टोली खटाएर विभिन्न वडामा धमाधम नापनक्सा कार्य सुरु गरेका हुन् । शुक्लाफाँटा नगरपालिका प्रमुख रणबहादुर महराले आजदेखि वडास्तरमा पुगेर नापजाँच सुरु गरिएको बताए । नगरपालिकाका नं ५, १० र ११ मा नापनक्सा भइरहेको उनले जानकारी दिए । छवटा वडाको नापजाँच पहिले नै गरिसकेका थियौँ, हाल तीनवटा वडामा काम सुरु गरेका छौँ, नगरप्रमुख महराले भने, वडा नं ६, ७ र ८ को बर्खा सकिएलगत्तै नापनक्साका लागि टोली फिल्डमा खटिनेछ । करिब १२ हजार सुकुम्बासी भूमिहीन, अव्यवस्थित बसोबासी र भूमिहीन दलित रहेको शुक्लाफाँटा नगरपालिकाले नापजाँचको सबै कार्य सकिएपछि लालपुर्जा वितरणका लागि भूमि आयोगलाई बुझाउने जनाएको छ ।



हाल भूमि आयोगको प्राविधिक प्रतिनिधिसहितको टोली फिल्डमा खटिएको छ, नगरप्रमुख महराले भने, नापनक्सा सकिएपछि सबै प्रक्रिया पूरा गरेर पुर्जाका लागि आयोगसमक्ष कागजात हस्तान्तरण गरिनेछ ।

करिब ६० हजार भूमिहीन दलित–सुकुम्बासी र अव्यवस्थित बसोबासी रहेको कञ्चनपुरमा सबै पालिकामा समस्या रहेको जनाइएको छ । यसैगरी, यहाँको कृष्णपुर नगरपालिकाले पनि दुई दिनअघिदेखि पालिकाभित्र नापनक्सा सुरु गरेको छ । कञ्चनपुरको कृष्णपुर नगरपालिको वडा नं ५ र ६ मा जग्गा नापनक्सा कार्य थालिएको सूचना अधिकारी प्रेम बोगटीले जानकारी दिए ।

अव्यवस्थित बसोबासी तथा भूमिहीन नागरिकको जग्गा व्यवस्थापनका लागि आवश्यक काम छिट्टै सम्पन्न गर्न नापनक्सा थालिएको उनले बताए । यस पालिकामा १७ हजारभन्दा बढी सुकुम्बासी भूमिहीन, अव्यवस्थित बसोबासी र भूमिहीन दलित रहेका छन् । यस्तै, नौ हजार ५०० भन्दा बढी सुकुम्बासी भूमिहीन, अव्यवस्थित बसोबासी र भूमिहीन दलित रहेको बेदकोट नगरपालिकामा प्रायः नापनक्साको काम सम्पन्न भइसकेको नगरप्रमुख भोजराज बोहराले जानकारी दिए । शुक्लाफाँटा निकुञ्ज विस्थापितको जग्गा किचलो रहेका केही वडामा नापनक्साको काम भएको छैन । बाँकी सबैतिर नापनक्सा सकिसकेका छौँ, उनले भने ।

यहाँको लालझाडी गाउँपालिकमा पनि केही वडाबाहेक सबै ठाउँमा नापनक्साको काम सकिएको छ ।

गाउँपालिकाका अध्यक्ष निर्मल रानाले वडा नं ५ मा पुनः नापनक्सा गर्नुपर्ने र हाल वडा नं १ मा काम भइरहेको जानकारी दिए । यस पालिकामा चार हजारभन्दा बढी सुकुम्बासी भूमिहीन, अव्यवस्थित बसोबासी र भूमिहीन दलित छन् । रासस

# पोखरामा सुकुमवासी परिवारको जीवन बिमा

**कास्की ।**
पोखरा महानगरपालिका–१२ ले वडाभित्रका सुकुमवासी तथा न्यून कमाइ भएकाका लागि म्यादी जीवन बिमा कार्यक्रम सुरु गरेको छ । आर्थिक अभावका कारण बिमा सेवाको पहुँचबाट टाढा रहेका सुकुमवासी तथा विपन्न परिवारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यसहित वडाले लिवर्टी माइक्रो इन्स्योरेन्स कम्पनीमा ४४ परिवारको निःशुल्क जीवन बिमा गरिदिएको हो ।

दैनिक जीविकोपार्जनमै सङ्घर्ष गरिरहेका परिवारलाई आकस्मिक दुर्घटना, बिरामी वा मृत्युजस्ता जोखिमबाट हुने आर्थिक क्षति कम गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ । विशेषगरी वडाभित्र अस्थायी रूपमा बसोबास गर्ने सुकुमवासी तथा न्यून आय भएका परिवारलाई लक्षित गरी बिमा सुविधा उपलब्ध गराइएको हो ।

वडाध्यक्ष सन्तोष बास्तोलाले सामाजिक सुरक्षाको पहुँच सबै नागरिकसम्म पुर्याउने अभियानअन्तर्गत उक्त कार्यक्रम ल्याइएको बताए । दुर्घटना वा अन्य अप्रत्यासित घटनाले विपन्न परिवारलाई झन् ठूलो समस्यामा पार्ने गर्दछ । त्यस्ता परिवारलाई न्यूनतम आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले जीवन बिमा कार्यक्रम सञ्चालन गरेका हौँ, उनले भने ।

म्यादी जीवन बिमा कार्यक्रमअन्तर्गत प्रतिव्यक्ति वार्षिक २५० बिमा शुल्कमा एक लाखसम्म उपचार सुविधा र बीमित व्यक्तिको मृत्यु भएमा परिवारले एक लाख ५० हजारसम्म राहत रकम प्राप्त गर्ने व्यवस्था गरिएको छ । वडा कार्यालयले यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ५० हजार बजेट विनियोजन गरेको थियो । न्यून शुल्कमा उपलब्ध हुने यो सुविधाले आर्थिक रूपमा कमजोर परिवारलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको वडा सदस्य शान्ति कोइरालाले बताए । वडाले बिमा कार्यक्रमसँगै लक्षित समुदायलाई जीवन बिमाको आवश्यकता, प्रक्रिया र लाभबारे सचेतना कार्यक्रमसमेत सञ्चालन गरेको छ । सहभागीलाई बिमाले आकस्मिक जोखिम व्यवस्थापन, परिवारको भविष्य सुरक्षा तथा आर्थिक स्थायित्व कायम गर्न सहयोग पुर्याउने विषयमा जानकारी दिइएको थियो ।

बिमा सेवाबाट वञ्चित समुदायलाई सुरक्षाकवच प्रदान गर्ने भएकाले अन्य वडालाई यस्ता कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्ने विश्वास गरिएको वडाध्यक्ष बास्तोला बताउँछन् । रासस

# सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप

**काठमाडौँ ।**
सम्पत्ति छानबिन आयोगले सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप गरेको छ । सम्पत्ति विवरण बुझाउने दायराभित्र परेका पदाधिकारीले आफूहरूले सम्पत्तिसम्बन्धी विवरण सङ्कलनका क्रममा रहेको र समय अपुग भएको जनाएपछि अन्तिम पटकका लागि विवरण बुझाउने गरी एक महिना म्याद थप गरिएको आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले जानकारी दिए । स्वदेश तथा विदेशमा रहेका व्यक्तिले आफूहरू विवरण सङ्कलकका चरणमा रहेकाले समय अपुग भएको हुँदा म्याद थप गरिदिन बारम्बार आग्रह गरेपछि मागअनुसार विवरण बुझाउने म्याद थप गरिएको हो, उनले भने । जेनजी आन्दोलनका क्रममा कतिपय कार्यालय आगजनीमा परेर विवरण सङ्कलनमा कठिनाइ भएको हुनसक्ने अनुमान गरिएको छ । यो अन्तिम पटकका लागि हो, अब म्याद थप हुँदैन, थपिएको म्यादभित्र सम्बन्धितले अनिवार्य रूपमा सम्पत्ति विवरण दाखिल गर्नुपर्छ, अध्यक्ष भण्डारीले भने,आयोगमा हालसम्म तीन हजार पाँच सय बढीले सम्पत्ति विवरण प्राप्त भइसकेका छन् ।

सम्पत्तिसम्बन्धमा ६० भन्दा बढी उजुरी प्राप्त भएको आयोगका अध्यक्ष भण्डारीले जानकारी दिए । निर्धक्क र निष्फिक्री भएर सम्पत्तिसम्बन्धी प्रमाण राखेर आफ्नो विवरण पेस गर्न आयोगले आग्रह गरेको छ । प्राप्त विवरण दर्ता गरेर छानबिनको प्रक्रिया अघि बढाउने आयोगको तयारी छ । यसअघि आयोगले यही जेठ मसान्तभित्र आआफ्नो सम्पत्तिको विवरण बुझाउन अनुरोध गरेको थियो । सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिले आफैँ वा आफ्नो प्रतिनिधि वा हुलाक वा आयोगको इमेलमार्फत विवरण तथा उजुरी बुझाउन सक्ने व्यवस्था गरिएको छ ।




आयोगले २०४८ देखि २०८३ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिले पदीय दुरुपयोग गरी अस्वाभाविक कमाइ गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरेको छ । आयोगले मुलुकमा प्रजातन्त्र पुनःस्थापना भएको करिब ३५ वर्षको अवधिलाई २०६२÷६३ देखि २०८२÷८३ र २०४८÷४९ देखि २०६२÷६३ सालसम्म दुई चरणमा विभाजन गरी फाइल तथा उजुरी छानबिन गर्ने स्पष्ट गरेको छ ।


वर्तमान सरकारले २०४८ सालपछि सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिको सम्पत्तिको छानबिन गरी प्रतिबेदन बुझाउने कार्यादेशसहित गठन गरेको पाँच सदस्यीय आयोग हाल सम्पत्ति विवरण र उजुरी सङ्कलनमा व्यस्त छ । पछिल्ला दिनमा कार्यालय खुलेलगत्तै आयोग परिसरमा सम्पत्ति विवरण बुझाउने पूर्वकर्मचारीको घुइँचो लाग्ने गरेको छ ।

आयोग परिसरमा भेटिएका केही पूर्वकर्मचारीले सम्पत्ति विवरण बुझाउन अत्यन्त सहज भएको प्रतिक्रिया दिए । विवरण बुझाउनका लागि मन्त्रालयगत ‘डेस्क’ खडा गरिएकाले सहज भएको धेरैको प्रतिक्रिया छ । आयोगका अध्यक्ष भण्डारीले सम्पत्ति विवरण बुझाउने र उजुरी दिनेको संख्या क्रमशः वृद्धि भइरहेको बताउँदै ४० देखि ५० हजार व्यक्तिको सम्पत्तिको विवरण प्राप्त हुने अपेक्षा गरे । पछिल्ला ३५ वर्षको अवधिमा सार्वजनिक पदधारण गरेका राजपत्राङ्कित विशिष्ट एवं प्रथम श्रेणीका बहालवाला र पूर्वकर्मचारीसहित सो सरहको सेवासुविधा लिएका सार्वजनिक निकायका सबैले विवरण बुझाउनुपर्ने उनले जानकारी दिए ।

आयोगका अनुसार बहालवाला तथा पूर्वप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री, उनीहरूले नियक्त गरेका सल्लाहकार, स्वकीय सचिवहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ । यसैगरी, संवैधानिक र न्याय सेवा परिषद्बाट नियुक्त विशिष्ठ पदाधिकारीहरूले विशिष्ट श्रेणी तथा सोभन्दा माथिको सेवा सुविधा पाउने गरी नियुक्त भएका विभिन्न संस्थान, समिति, निगम, प्राधिकरण, केन्द्रलगायत सार्वजनिक निकायका वर्तमान तथा पूर्वप्रमुख तथा सञ्चालक सदस्यहरूले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ । विश्वविद्यालयसहितका शैक्षिक प्रतिष्ठान र कूटनीतिक नियोगका प्रथम श्रेणीमाथिमा कार्यरत तथा पूर्वअधिकारीहरू, जनसम्पर्क बढी हुने कार्यालयका हकमा राजपत्राङ्कित द्वितीय श्रेणीका बहालवाला तथा सेवानिवृत्त कर्मचारीले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ । यसैगरी, पालिकाका पूर्व तथा वर्तमान प्रमुख तथा उपप्रमुखसहित सोभन्दा माथिका पदहरूमा निर्वाचित जनप्रतिनिधिहरूले समेत सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ ।

सार्वजनिक पद धारण गरेका र तोकिएको समयमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा निजहरूका परिवारसमेतको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन तथा छानबिन गरी प्रतिबेदन बुझाउने आयोगको कार्यादेश रहेको छ । अध्यक्ष भण्डारीको नेतृत्वमा छानबिन आयोगमा चण्डीराज ढकाल, पुरुषोत्तम पराजुली, गणेश केसी (प्रवक्ता) र प्रकाश लम्साल सदस्य छन् । रासस

# बाढीले क्षति पुगेको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तीव्र



**रसुवा ।**
गत वर्ष असार २४ मा ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुर्याएको एक सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तथा मर्मत तीव्रगतिमा अगाडि बढाइएको छ । बाढीका कारण भोटेकोशी खोलास्थित बाँध संरचनामा क्षति पुगेपछि आयोजनाको उत्पादन प्रभावित भएको थियो । हाल बाँधस्थलमा थुप्रिएको अवरोध हटाउने कार्य द्रुत रूपमा अघि बढिरहेको आयोजनाले जनाएको छ । आयोजनाका कार्यकारी प्रमुख सत्यराम ज्याख्वका अनुसार बालुवा थिग्र्याउने पोखरी (डिसिल्टिङ बेसिन) मा जम्मा भएका अवरोध हटाइसकिएको छ भने ‘हेडरेस’ सुरुङ तथा विद्युत् उत्पादनसँग सम्बन्धित उपकरणको सफाइसमेत सम्पन्न गरिएको छ । बाढीले कटान गरेको बाह्य संरचनाअन्तर्गत ड्याम तथा विद्युतगृह जाने पहुँचमार्गमा रहेको पक्की पुलको संरक्षणका लागि दायाँ–बायाँ पर्खाल निर्माणकार्य जारी छ । आयोजनाले २०८१ पुस १६ गतेदेखि व्यावसायिक रूपले उत्पादन सुरु गरेको थियो । तर २०८२ असार २४ गतेको बाढीले बाहिरी सतहको ड्याम संरचनामा क्षति पुर्याएपछि आयोजना पूर्ण रूपमा बन्द हुन पुगेको बताइएको छ । त्यसपछि सुरुङ तथा उपकरणहरूको सफाइ गरी मङ्सिर २० गतेदेखि पुनः विद्युत् उत्पादन सुरु गरिएको थियो ।

करिब २३ अर्ब ७३ करोड लागतमा आयोजना निर्माण भएको थियो । आयोजनामा चार दशमलव आठ किलोमिटर लामो हेडरेस सुरुङमार्फत प्रतिसेकेन्ड ८० घनमिटर पानी विद्युतगृहमा पुर्याइन्छ । त्यहाँ जडान गरिएका तीनवटा फ्रान्सिस टर्बाइनबाट अधिकतम एक सय ११ मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको आयोजनाका केन्द्र प्रमुख सन्तोष अधिकारीले बताए । रासस

# तीन विद्यार्थी पढाउन तीन शिक्षक

**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ भालेबासमा रहेको धवलागिरि आधारभूत विद्यालयमा विद्यार्थी र शिक्षक–कर्मचारीको सङ्ख्या बराबर छ ।

कक्षा ३ सम्म पठनपाठन हुने यस विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत कर्मचारी दुवैको सङ्ख्या तीन–तीन जना मात्रै छ ।

२०४० मा स्थापना भएको यस विद्यालयको कक्षा १ र २ मा विद्यार्थी संख्या शून्य छ । हाल बालकक्षामा एक जना र कक्षा ३ मा दुई जना विद्यार्थी मात्र अध्ययनरत छन् । विद्यालयमा स्थायी दरबन्दीकी शिक्षक शान्ति राम्जाली प्रधानाध्यापक छिन् भने शिखा बोहोरा क्षेत्री बालशिक्षा सहजकर्ता र सुर्जना रोका विद्यालय सहयोगीका रूपमा कार्यरत छिन् ।



यहाँ अध्ययनरत विद्यार्थीमध्ये जेसिका खड्का यसपालि बालकक्षामा भर्ना भएकी हुन् भने नेलसन रोका र श्रीसा खड्का कक्षा २ उत्तीर्ण गरेर कक्षा ३ मा भर्ना भएका हुन् । बसाइँसराइको लहर र घट्दो जन्मदरका कारण विद्यालयमा यस्तो अवस्था आएको प्रधानाध्यापक राम्जालीले बताइन् ।

‘विद्यालय आसपास पर्ने भालेबासमा १५ र कोप्चेपानीमा १० घरपरिवार मात्र बस्छन्,’ उनले भने, ‘विसं २०७२ सम्म १५–२० जनासम्म विद्यार्थी हुन्थे । नयाँ बच्चा जन्मिने दर घटेको र बसाइँसराइले गाउँ रित्तिँदै गएकाले यो समस्या आएको हो ।’यसअघि विसं २०७५ मा कालीगण्डकीको बाढीले कोप्चेपानीमा रहेको विद्यालय भवन बगाएपछि यसलाई भालेबासमा सारिएको थियो ।

हाल यहाँ सुविधायुक्त भवन, शौचालय र बालमैत्री कक्षाकोठा भए पनि विद्यार्थी नहुँदा विद्यालय सुनसान बन्ने गरेको छ ।

विद्यार्थी सङ्ख्या घटेपछि गत वर्ष गाउँपालिकाले यहाँको एक जना शिक्षकको दरबन्दी समेत कटौती गरेको थियो । स्थानीय बासिन्दा तुलाराम बुढाले बसाइँसराइकै कारण गाउँ रित्तिँदा विद्यालयमा असर परेको बताए ।

‘छिमेकी गाउँ गाडपार र काभ्रेका विद्यालय पुग्न साना बालबालिकालाई करिब एक घण्टा पैदल हिँड्नुपर्छ,’ उनले भने, ‘गाउँमा बाँकी रहेका बालबालिकालाई शिक्षाको अधिकारबाट वञ्चित नगर्न संख्या कम भएपनि विद्यालय चलाउनुपर्ने बाध्यता छ ।’ अन्नपूर्ण गाउँपालिकाभित्रका ठाडा, किन्दु, स्वाँत, घराप र चित्रेका आधारभूत विद्यालयहरूमा पनि विद्यार्थी संख्या निकै न्यून छ ।

भौगोलिक विकटता र छरिएका बस्तीका विद्यालयमा विद्यार्थी अभाव भएपछि कक्षा घटुवा गर्ने र दरबन्दी मिलान गर्ने नीति गाउँपालिकाले लिएको अध्यक्ष भारतकुमार पुनले बताए । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# सरकारी विज्ञापन नीतिविरुद्ध पर्सामा पत्रकारको धर्ना, प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न चेतावनी



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारी सूचना तथा विज्ञापन वितरणसम्बन्धी हालैको निर्णयप्रति असन्तुष्टि जनाउँदै पर्साका सञ्चारकर्मीहरूले सरकार प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने दिशामा अघि बढेको आरोप लगाएका छन् । नेपाल पत्रकार महासंघको देशव्यापी आन्दोलनअन्तर्गत पर्सामा पनि जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टे धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चारकर्मीहरुले प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप कुनैपनि हालतमा स्वीकार्य नहुने बताएका छन् ।

बिहान ११ बजेदेखि १२ बजेसम्म सञ्चालन भएको धर्नामा सहभागी पत्रकारहरूले सरकारी विज्ञापनलाई सीमित सञ्चारमाध्यममा केन्द्रित गर्ने निर्णयले स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रलाई कमजोर बनाउने भन्दै त्यसको विरोध गरेका थिए । उनीहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि हुने कुनै पनि हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट सन्देश दिएका छन् ।

धर्नापछि आयोजित कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जाराले सरकारले निर्णय पुनरावलोकन नगरे आन्दोलन थप सशक्त बनाइने चेतावनी दिए । उनले स्वतन्त्र पत्रकारितामाथि कुनैपनि प्रकारको दबाब वा हस्तक्षेप भए सम्पूर्ण पत्रकार समुदाय एकताबद्ध भएर प्रतिवाद गर्ने बताए ।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले वर्तमान निर्णयलाई प्रेसमाथि नियन्त्रण स्थापित गर्ने प्रयासको रूपमा टिप्पणी गरे । सञ्चारमाध्यममाथि हस्तक्षेपको विगत स्मरण गराउँदै उनले लोकतन्त्र र प्रेस स्वतन्त्रता एकअर्कासँग अभिन्न रूपमा जोडिएको उल्लेख गरे । उनका अनुसार लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि स्वतन्त्र र निष्पक्ष पत्रकारिता अपरिहार्य छ ।

कार्यक्रममा प्रेस युनियनका केन्द्रीय सदस्य श्रीराम राय माझी, प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष शिवनाथ यादव, प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष निरञ्जन मिश्र, समाजवादी प्रेस संगठन नेपाल मधेश प्रदेशका अध्यक्ष मनोज पटेल, समाजवादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भु कुमार सुमन लगायत विभिन्न सञ्चार संस्थासँग आबद्ध पत्रकार तथा सञ्चार उद्यमीहरूको उपस्थिति रहेको थियो ।

धर्नामा सहभागीहरूले सरकारी सूचना तथा विज्ञापन वितरणमा समानता कायम गर्न, सबै सञ्चारमाध्यमप्रति निष्पक्ष व्यवहार अपनाउन तथा संविधानले सुनिश्चित गरेको प्रेस र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सरकारसँग माग गरेका छन् । साथै, पत्रकार महासंघको पूर्वनिर्धारित आन्दोलन कार्यक्रमअनुसार जेठ २७ गते पुनः देशभरका जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिइने जानकारी पनि दिइएको छ ।

## सरकारी विज्ञापन नीति विरुद्ध पत्रकारहरूको धर्ना



नेपाल पत्रकार महासंघ धनुषा शाखाले सरकारी विज्ञापन तथा सूचना वितरणसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेज गर्न माग गर्दै बुधबार जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएको छ ।

महासंघको आह्वानमा आयोजित एक घण्टे धर्नामा सहभागी सञ्चारकर्मीहरूले मिडियाविरोधी नीति फिर्ता लिन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न तथा नागरिकको सूचनाको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले सरकारले पछिल्लो समय प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण बढाउने प्रयास गरेको आरोप लगाए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी परिपत्रमार्फत सरकारी विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन–प्रसारण गर्ने व्यवस्था गरिएकोमा उनले आपत्ति जनाउँदै यसले संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हकमाथि आघात पु¥याएको बताए ।

त्यस्तै, प्रकाशक महासंघ नेपालका अध्यक्ष शंकर साहले सञ्चारमाध्यमलाई सार्वजनिक सूचना र सरकारी विज्ञापनबाट वञ्चित गरेर सरकारले स्वतन्त्र मिडियाको आवाज दबाउन खोजेको आरोप लगाए । उनले विश्वका लोकतान्त्रिक मुलुकहरूमा विज्ञापन वितरणमा यस्ता प्रतिबन्ध लगाउने अभ्यास नरहेको समेत बताए ।

सञ्चारकर्मीहरूले सरकारको गत चैत १८ गतेको निर्णय संविधान, विज्ञापन ऐन, सूचनाको हकसम्बन्धी कानून तथा अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रतासम्बन्धी मान्यताविपरीत रहेको बताएका छन् ।

महासंघले लोकतन्त्र, संविधान र अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि आन्दोलनलाई निरन्तरता दिने जनाएको छ । साथै, असार ५ गते नागरिक समाज, मानवअधिकारकर्मी तथा अन्य सरोकारवालासँग ऐक्यबद्धता कार्यक्रम आयोजना गरी आन्दोलनलाई थप सशक्त बनाउने तयारी रहेको महासंघले जनाएको छ ।

# प्रधानमन्त्री मोदीको ऐतिहासिक सेवा पूरा, भारतभर पूजापाठ



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा १२ वर्षको सेवा, सुशासन र गरिबको कल्याण र राष्ट्रप्रतिको ४ हजार ३ सय ९९ दिनको ऐतिहासिक सेवा पूरा भएको उपलक्ष्यमा, भारतभरका भाजपा नेताहरू, कार्यकर्ताहरू र उनीहरूका समर्थकहरूले पूजा र धार्मिक अनुष्ठान गरिरहेका छन् ।

बुधबार बिस्फी विधानसभा क्षेत्रको कपिलेश्वर स्थान मन्दिरमा, मधुबनीका सांसद डा. अशोक कुमार यादव, प्रदेश उपाध्यक्ष, पूर्व विधायक हरिभूषण ठाकुर बचौल र पार्टी कार्यकर्ताहरूले भगवान शिवलाई प्रार्थना गरे ।

यस अवसरमा, उनीहरूले प्रधानमन्त्री मोदीको सुस्वास्थ्य, दीर्घायु र निरन्तर सफल नेतृत्वको कामना गरे र विकसित भारतको दृष्टिकोणलाई साकार पार्ने आफ्नो संकल्प दोहो¥याए ।

हरिभूषण ठाकुर बचौलले भने, 'प्रधानमन्त्रीको नेतृत्वमा, हामी विकास र कल्याणकारी योजनाहरूको लाभ समाजको अन्तिम व्यक्तिसम्म पुग्ने सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छौं ।

सेवा, सुशासन र गरिबहरूको कल्याणको यो अभियान राष्ट्र निर्माणको लागि बलियो जग हो ।'

# अमेरिका पठाउने बहानामा ३८ लाख ठग्ने महिला पक्राउ

**काठमाडौँ ।**
अमेरिका पठाउने बहानामा ३८ लाख ५० हजार रुपैयाँ ठगी गर्ने महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अमेरिका पठाउने बहानामा रकम ठगी गर्ने रोल्पाकी ५४ वर्षीया निर्मलाकुमारी श्रेष्ठलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो । बेरोजगार युवायुवतीलाई अमेरिकामा आकर्षक तलब हुने रोजगारी दिलाइदिने भन्दै प्रलोभनमा पारेर ठगी गरेको कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

काठमाडौँको चन्द्रागिरि बस्दै आएकी श्रेष्ठलाई टेकुबाट पक्राउ गरिएको हो । उनले पीडितबाट पटक पटक गरी रकम ठगी गरेको खुलेको छ ।

पक्राउ परेका श्रेष्ठले रकम लिएपछि पीडितलाई लामो समयसम्म झुक्याएर राखेको तथा विदेश पठाउन छाडेर सम्पर्कबिहीन भएको प्रहरीले जनाएको छ । उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको सूचना अधिकारी कार्कीले बताए ।

# प्रधानमन्त्री शाहद्वारा भारती समकक्षीप्रति बधाइ तथा शुभकामना व्यक्त



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले भारतको सबैभन्दा लामोसमय प्रधानमन्त्री पदमा रहेका उनका समकक्षी नरेन्द्र मोदीलाई बधाइ ज्ञापन तथा शुभकामना व्यक्त गरेका छन् ।

प्रधानमन्त्री शाहले आज साँझ सामाजिक सञ्जाल एक्समार्फत प्रधामन्त्री मोदीको ऐतिहासिक उपलब्धिप्रति शुभकामनासमेत व्यक्त गरेका छन् ।

उनले भनेका छन्, 'तपाईँको सुस्वास्थ एवं निरन्तर प्रगतिको कामनासहित भारतीय जनताको समृद्धिको शुभकामना व्यक्त गर्दछु ।'

प्रधानमन्त्री शाहले दुई देशबीच रहीआएको सम्बन्धको उच्च सम्मान गर्दै यसलाई थप सुदृढ गर्न आफू इन्छुक रहेको उल्लेख गरेका छन् ।

# परराष्ट्रमन्त्री खनाल चीन भ्रमणमा जाने

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले उत्तरी छिमेकी चीनको भ्रमण गर्ने भएका छन् । मन्त्रालयले जानकारी दिँदै भ्रमणको आन्तरिक तयारी भइरहेको र भम्रण तालिकाबारे छिट्टै जानकारी गराइने जनाएको छ । वर्तमान सरकार गठनपछि मन्त्री खनालले हालैमात्र भारतको तीन दिने औपचारिक भ्रमण गरेका थिए ।

यसैगरी मन्त्रालयमा बुधबार आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रियामा मन्त्री खनालले राष्ट्रिय हितका विषयमा सरकार, राजनीतिक दललगायत राज्यका सबै निकाय र सञ्चार क्षेत्रको पनि एकमत हुनुपर्ने बताए । साथै उनले परराष्ट्रसम्बन्धी सूचना सम्प्रेषणमा संवेदनशील हुन आग्रह गरे । मन्त्रालयमा गर्न लागेको नयाँ कार्य र सुधारका योजना बारेमा सुनाउँदै उनले विदेशस्थित नेपाली नियोगमा आवश्यकताअनुसार थप जनशक्ति र भौतिक पूर्वाधार स्तरोन्नती गर्न लागेको बताए ।

त्यस्तै मन्त्री खनालले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई सशक्त बनाइने, लुम्बिनी फेलोसिप कार्यक्रमको सुरुआत गर्ने, भूरणनीतिक सम्मेलन आयोजना गर्ने, राहदानीको बायोमेट्रिकमा देखिएका चुनौतीलाई समाधान गर्नेलगायत योजनाका बारेमा अवगत गराए । उनले हालैको आफ्नो भारत भ्रमण प्रभावकारी र उपलब्धिमूलक भएको बताउँदै द्विपक्षीय आपसी हितका विविध विषयमा खुलेर सौहाद्र्ध रूपमा भारतीय समकक्षीसँग द्विपक्षीय वार्ता भएको उल्लेख गरे ।

कार्यक्रममा मन्त्रालयका सचिव अमृतबहादुर राईले वर्तमान सरकारको प्रतिबद्धताअनुसार आर्थिक समृद्धि र सुशासनका लागि मन्त्रालयले काम गरिरहेको बताए । मन्त्रालयका प्रवक्ता एवं सहसचिव लोकबहादुर पौडेल क्षेत्रीले मन्त्रालयबाट भए÷गरेका कामका बारेमा जानकारी गराएका थिए ।

# अबको यात्रा विकास र समृद्धि नै हो: परियार

**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक तथा केन्द्रीय सदस्य प्रकाशचन्द्र परियारले नेपालको संविधान २०७२ पछाडि अबको यात्रा विकास, समृद्धि, सुशासन, सामाजिक न्याय, स्वाधीनता र मानव मर्यादा भएको बताएका छन् ।

रास्वपाको कोशी प्रदेश अधिवेशनलाई सम्बोधन गर्दै सचेतक परियारले आर्थिक विकाससँगै मुलुकको समग्र समृद्धिमा सहयोग गर्न सबैलाई अपिल गर्नुभएको उनको सचिवालयले जनाएको छ ।




'के हामी फेरि रगतमै रमाइरहेका छौँ ? विकाससँगै कस्तो विकास ? समन्यायिक विकास । कस्तो समृद्धि ? समतामूलक समृद्धि । कस्तो सुशासन ? सामाजिक न्यायसहितको सुशासन । त्यस कारणले यो प्रदेशको गरिमा राख्न हाम्रा पूर्वप्रधानमन्त्रीहरूको योगदान, हाम्रा कोशी प्रदेशबाट राजकीय जीवनमा योगदान गरेका व्यक्तिहरूको योगदान, सबैलाई आत्मसात् गर्दै अबको यात्रा विकास, समृद्धि, सुशासन, सामाजिक न्याय, स्वाधीनता र मानव मर्यादा नै हो,' सचेतक परियारले भने ।

मेरिटोक्रेसी, गुणव्यक्तालाई छातामा राखेर समावेशिता र कोशी प्रदेशको संरचनालाई आत्मसात् गर्नैपर्ने उल्लेख गर्दै उनले भने, 'हरेक समितिमा महिलाको उपस्थिति कमजोर भयो, महिला खोज्नु भन्ने त्यो उदार छाती भएन भने हामी अगाडि बढ्न सक्दैनौँ ।' सचेतक परियारले बुधबार पनि पूर्वमा लाजेहाङहरू सहिद भइरहेको र त्यहाँ पहिचानको आन्दोलन भइरहेको उल्लेख गर्दै सहिष्णुतालाई नबढाउँदा विकास, समृद्धि र सुशासनको नारालाई छातामा राखेर सहिष्णुतालाई ऐना नबनाउँदा सबैभन्दा बढी समस्या कोशी प्रदेशमा हुने बताए ।

# ट्रेड युनियन खारेजविरुद्धको रिटमाथि जेठ २९ मा सुनुवाइ

**काठमाडौँ ।**
सर्वोच्च अदालतले ट्रेड युनियन खारेज गर्ने निर्णयविरुद्ध परेको रिट निवेदनमाथिको सुनुवाइ नसकिएपछि 'हेर्दाहेर्दै' मा यही जेठ २९ गते सुनुवाइ हुने भएको छ । प्रधान न्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू डा. नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलको संवैधानिक इजलासमा सुनुवाइ सुरु भए पनि समय नभ्याएपछि हेर्दाहेर्दैमा यही जेठ २९ गते सुनुवाइ हुने तय भएको हो । यसअघि यही जेठ २० गते सुनुवाइ सुरु गरी आजका लागि हेर्दाहेर्दैमा राखिएको थियो ।

वैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासमा सुनुवाइ गर्दै रायबाझी आदेश गरेको थियो ।

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयालले सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकानीन अन्तरिम आदेश गरेका थिए भने न्यायाधीशहरू विनोद शर्मा र शारङ्गा सुवेदीले भने फरक मत राख्दै अपुरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाएका छन् ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै महान्यायाधीवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेको थियो ।नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहाल समेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको थियो ।

# 'बर्डफ्लु' पुष्टि भएपछि ३८ हजार कुखुरा नष्ट

**चितवन ।**
चितवनमा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान) सङ्क्रमण देखिएपछि ३८ हजार २ सय लेयर्स कुखुरा नष्ट गरिएको छ । खैरहनी नगरपालिका–१ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि नियन्त्रणका लागि दानासहित कुखुरा नष्ट गरिएको हो । पशु सेवा कार्यालय चितवनका अनुसार जेठ २३ गते कुखुरामा बर्डफ्लु सङ्क्रमण भएको पुष्टि भएपछि जेठ २४ गतेदेखि कुखुरा नष्ट गर्न सुरु गरिएको कार्यालय प्रमुख डा. प्रभात न्यौपानेले जानकारी दिए । उनका अनुसार लगातार तीनदिनसम्म कुखुरा नष्ट गरेपछि मङ्गलबार फार्म पूर्ण रुपमा सरसफाइ गरी सिल गरिएको हो । यस्तै सो फार्मबाट एक हजार ४ सय ५ पेटी अण्डा, १२ टन दानासमेत नष्ट गरिएको प्रमुख डा. न्यौपानेले जानकारी दिए ।

'पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा नमूना पठाएका थियौँ । त्यहाँबाट एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान देखिएपछि हामीले तीन दिन लगाएर कुखुरा, अण्डा र दाना नष्ट गरेका हौँ,' उनले भने । प्रमुख डा. न्यौपानेका अनुसार अन्य स्थानमा नमूना सङ्कलन गर्ने कामसमेत भइरहेको छ ।

यसअघि चैत १२ गते भरतपुर महानगरपालिका–४ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि १७ हजार ८ सय ७० लेयर्स कुखुरा र नजिकैको अर्को फार्मबाट ९ सय ३५ स्थानीय कुखुरा नष्ट गरिएको थियो । नेपालमा कुखुराजन्य क्षेत्रमा ७० अर्ब रुपैयाँ भन्दा बढी लगानी छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन